पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

newsofnepal.com

राष्ट्रिय दैनिक

सोमबार, मंसिर १२, २०७९ | Monday, November 28, 2022 | नेसं ११४३ थिल्लाथ्व ५ | वर्ष २७, अंक २६५ | पृष्ठ ८ | मूल्य रु १०/–







# प्रत्यक्षतर्फ कम महिला निर्वाचित

## सीमान्तकृत पुरुषलाई संसद् छिर्न कठिन

**जीवन शर्मा, काठमाडौं**

गत मङ्सिर ४ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ महिला सांसदको संख्या कम हुँदा सीमान्तकृत समुदायका पुरुषसमेत संसद् हुन नपाउने भएका छन्। प्रतिनिधिसभामा महिला उम्मेदवार न्यून निर्वाचित भएपछि समानुपातिक बन्दसूचीमा परेका सीमान्तकृत समुदायको प्रतिनिधित्व घट्ने भएको हो।

दल र स्वतन्त्र गरी २ सय २५ जना महिलाले उम्मेदवारी दिए पनि अधिकांश महिलाहरू पराजय भएसँगै समानुपातिक बन्दसूचीमा समावेश पुरुष उम्मेदवारहरू संसद्मा आउने सम्भावना कम देखिएको राजनीतिक वृत्तमा चर्चा हुन थालेको छ। प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १६५ सिटका लागि २ हजार ४ सय १२ उम्मेदवारमध्ये २ सय २५ जना महिला उम्मेदवार थिए। तीमध्ये एमालेबाट ३, राष्ट्रिय स्वतन्त्र पार्टीबाट २, नेपाली कांग्रेस, माओवादी र नागरिक उन्मुक्ति पार्टीबाट १-१ महिला मात्र निर्वाचित भएका छन् । एमालेबाट धनुषा-३ मा जुलीकुमारी महतो, बारा-३ मा ज्वालाकुमारी साह र कास्की-२ मा विद्या भट्टराई निर्वाचित हुनुभएको छ। त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीबाट काठमाडौं-२ मा सोविता गौतम र ललितपुर-३ मा तोसिमा कार्की निर्वाचित हुनुभएको छ। नागरिक उन्मुक्ति पार्टीकी रञ्जिता श्रेष्ठले कैलाली-१ बाट जित्नुभएको छ।

योसँगै अहिलेसम्म सबै दलबाट ८ जना मात्रै निवर्चचित हुनुभएको छ भने सुनसरी ३ बाट भगवती चौधरीको अग्रता कायम छ। उहाँले जित निकाल्ने करिब पक्काजस्तै देखिन्छ। चौधरीको जीत निस्कियो भने संसद्मा प्रत्यक्षतर्फ महिला सांसदको प्रतिनिधित्व ९ जना पुग्ने छ। कांग्रेस नेतृत्वको सत्ता गठबन्धनमा उम्मेदवार रहेका १४ महिलामध्ये १२ जना पराजित भए। माओवादीकी रेखा शर्माले दाङ-२ बाट चुनाव जित्नुभयो भने कांग्रेसकी सीता गुरुङ तेह्रथुमबाट निर्वाचित हुनुभएको छ।

एमाले सचिव पद्मा अर्याल उम्मेदवार रहेको स्याङ्जा-२ मा भने मतगणना भएको छैन । संविधानले संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ महिला हुनुपर्ने व्यवस्था गरेको छ। तर, दलहरूले निर्वाचनमा टिकट नदिँदा महिलाको प्रतिनिधित्व घटेको भए पनि त्यसलाई समानुपातिक प्रणालीबाट पूर्ति गर्ने नेताहरूले बताएका छन्। ५३ स्थान जितेर ३ स्थानमा अग्रता कायम राखेको नेपाली कांग्रेसले प्रत्यक्ष सांसदमा एक जना मात्रै महिला पाएको छ। उक्त पार्टीले टिकट दिएका अन्य चार महिलाले पराजय बेहोर्नुपर्यो।

तेह्रथुमबाट सीता गुरुङ निर्वाचित हुँदा अरू चार महिला उम्मेदवार पराजित भएका हुन्। मकवानपुर-१ मा महालक्ष्मी उपाध्याय (डिना), अर्घाखाँचीमा पूर्वउपसभामुख पुष्पा भुसाल र मोरङ-२ मा पूर्वउपप्रधानमन्त्री सुजाता कोइराला र सिरहा-२ मा पूर्वकोषाध्यक्ष चित्रलेखा यादव पराजित भएका हुन्। त्यस्तै, नेकपा एमालेले १४१ सिटमा उम्मेदवारी दिँदा ११ महिलालाई उठाएको थियो । एमालेबाट उम्मेदवारी दिएका कञ्चनपुर-३ मा नीरुदेवी पाल, बागलुङ-२ मञ्जु शर्मा, दाङ-१ शान्ता चौधरी, दाङ-३ कोमल वली र डोटीमा गौरीकुमारी ओली पराजित भइसकेका हुन्। एमालेले ४२ सिट प्रत्यक्षमा चुनाव जित्दा ३ जना महिलाले जितेका र एक जना निर्वाचन नजिक रहेकी छन्।

उता नेकपा माओवादी केन्द्रले ४६ सिटमा उम्मेदवारी दिँदा महिला ७ जना उठाएको थियो। उक्त पार्टीबाट रेखा शर्माले मात्रै चुनाव जित्नुभयो भने अरू ६ जना पराजित भए । शर्माले दाङ-२ मा नेकपा एमालेका महासचिव शंकर पोखरेललाई १९६ मतान्तरले हराउनुभयो। काठमाडौं-२ मा पूर्वसभामुख ओनसरी घर्ती, ललितपुर-३ मा हाल ऊर्जामन्त्रीसमेत रहेकी पम्फा भुसाल, काठमाडौं-१० मा अञ्जना विशंखे, काठमाडौं-७ मा मानुषी यमी भट्टराई, काठमाडौं-९ मा कल्पना धमला, जुम्लामा गोमा गौतम र कञ्चनपुर-१ बाट बिना मगर पराजित भए।

त्यस्तै, गुल्मी-२ मा उम्मेदवार रहेकी एकीकृत समाजवादीकी सचिव एवम् पूर्वमन्त्री रामकुमारी झाँक्री पराजित हुनुभयो। सत्ता गठबन्धनमै रहेको राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले पनि प्युठानमा पराजित हुनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १३१ क्षेत्रमा उम्मेदवारी दिएकामध्ये १२ महिला थिए । ७ सिट जित्दा काठमाडौं-२ बाट सोविता गौतम र ललितपुर-३ बाट तोसिमा कार्की निर्वाचित हुनुभएको छ । प्रतिनिधिसभामा ७ सिट जितेको राष्ट्रिय प्रजातन्त्र पार्टीबाट कोही पनि महिलाले आएनन्। जनता समाजवादी पार्टीले सात जना महिलालाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएकोमा कसैले पनि चुनाव जित्न सकेनन भने नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले कैलाली-१ बाट जित्नुभएको छ। यसरी हेर्दा प्रतिनिधि सभामा प्रत्यक्षतर्फ महिलाको उपस्थिति ९ जना मात्रै हुने देखिएको छ। यीबाहेक सबै महिलाहरू पराजित भएपछि दलहरूलाई संसद्मा महिलाको प्रतिनिधित्व एकतिहाइ पुर्‍याउनका लागि समाानुपातिक मतका आधारमा पार्टीले पाउने सिटमा बन्द सूचीमा समावेश महिलाहरूले मात्रै प्रथमिकता पाउनेछन्। २ सय ७५ सांसद हुने प्रतिनिधिसभामा एकतिहाइ महिला अनिवार्य गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार महिलाको संख्या ९१ हुनुपर्दछ।

(क्रमशः पृष्ठ ५ मा)

# दरबारमार्ग र न्युरोडको स:शुल्क पार्किङ हटाउने तयारी

## कामपा भन्छ : बेसमेन्टमा पार्किङ गर्ने व्यवस्था मिलाउँदै छौं

**ईश्वरराज ढकाल, काठमाडौं**

काठमाडौं महानगरपालिकाले न्युरोड र दरबारमार्गको स:शुल्क पार्किङ हटाउने भएको छ। न्युरोड र दरबारमार्ग क्षेत्रका ठूला भवनमा रहेका बेसमेन्टमा पार्किङको व्यवस्था गरेलगत्तै ती दुई क्षेत्रको पार्किङ हटाउने भएको हो।

कामपाले मङ्सिर २२ गतेपछि काठमाडौं मलको बेसमेन्ट खाली गर्ने र सो क्षेत्रमा न्युरोड क्षेत्रको पार्किङ व्यवस्था गर्ने गरी स:शुल्क पार्किङ हटाउन लागेको हो। 'घण्टे पार्किङका नाममा लाखौं रुपियाँ उठाएको गुनासो आउन थालेपछि सार्वजनिक क्षेत्रमा स:शुल्क रूपमा राखिएका सबै पार्किङ हटाउन लागेका हौं' -कामपा प्रहरी प्रमुख राजुनाथ पाण्डेले नेपाल समाचारपत्रसँग भन्नुभयो।

बेसमेन्ट खाली गर्न सूचना जारी गरेको ९० दिन पूरा भएलगत्तै ठूला भवनमा फेरि कारबाही शुरू गरेर ती भवनमा पार्किङ व्यवस्थापन गर्न लागेको उहाँको भनाइ थियो। कामपाले सार्वजनिक स्थान खाली गर्न दिएको अन्तिम म्याद यही २२ गते पुग्दै छ। 'हामीले तीन महिनासम्म आफैं हटाउन सूचना जारी गरेका थियौं, मङ्सिर २२ गते समय सकिनासाथ बेसमेन्ट खाली गर्न फेरि कारबाही शुरू गर्नेछौं' -प्रहरी प्रमुख पाण्डेको भनाइ थियो।

कामपाले न्युरोड, पुतलीसडक, वागबजार, बालाजु, बानेश्वर, कोटेश्वर, सोह्रखुट्टे, दरबारमार्ग, माछापोखरी, कलंकी, कालिमाटी, कुलेश्वर, चाबहिल, गौशाला, पुरानो बानेश्वरलगायत व्यापारिक क्षेत्रमा रहेको ठूला भवनको बेसमेन्टमा पार्किङ गर्न मिल्ने गरी सडकको पार्किङ हटाउन लागेको हो। २२ गतेसम्म पर्खिने र त्यसपछि पनि बेसमेन्ट र नक्सा पास नगरी बनाएका संरचना नहटाएर पुन: कारबाही गर्ने पाण्डेको भनाइ थियो।

कामपाले बेसमेन्ट र नक्साविपरीत बनाएको संरचना नभत्काए सम्बन्धित निकायको खर्चमा भत्काउने तयारी गरेको छ। कामपाले हालसम्म बेसमेन्ट र नियमविपरीत संरचना नहटाउने भवनको सूची तयार पारेको छ। कामपाले सम्बन्धित वडा कार्यालयको समन्वयमा नियमविपरीत बनेका भवनको तथ्यांक संकलन जारी राखेको छ।

कामपाका प्रमुख बालेन्द्र साहले राजधानीको अव्यवस्थित पार्किङ व्यवस्थापन गर्न सबै निकायलाई निर्देशन दिनुभएको छ। सोही निर्देशनको आधारमा महानगर प्रहरीले राजधानीको ठूला भवनको पार्किङ गर्न मिल्ने गरी बेसमेन्टको तथ्यांक संकलन गरिसकेको छ।

यसैबीच कामपाले सबैभन्दा बढी भिडभाड हुने बागबजार र प्रदर्शनीमार्गको सडक पार्किङ हटाउन शुरू गरेको छ। प्रहरी प्रमुख पाण्डेले सवारी जाम नियन्त्रण गर्न र ठूला भवनको बेसमेन्टमा पार्किङ व्यवस्थापन गर्न सडक किनारामा राखिएको सवारीसाधन हटाउन शुरू गरेको बताउनुभयो।

उहाँले भन्नुभयो- 'निर्वाचनलगत्तै सडक किनारामा राखिएका सवारीसाधन हटाउन थालेका हौं।' उहाँका अनुसार कामपा प्रहरीले विगत दुई दिनयता वागबजारबाट मात्रै दैनिक ३ सयको हाराहारीमा सवारी कारबाहीमा परेको छ। बाटोमा पार्किङ गरेबापत महानगरले एक हजार रुपियाँ जरिवाना गर्ने गरेको छ। कामपाले प्रदर्शनी मार्ग, वागबजार, बानेश्वर, कोटेश्वरलगायत क्षेत्रका सडकमा पार्किङ गरिएका सवारीमध्यै दैनिक करिब ५ सयको हाराहारीमा कारबाही गर्ने गरेको छ।

सवारी चालकले बेसमेन्टमा सवारी राख्ने बानी बसाल्नकै लागि कारबाही प्रक्रिया अघि बढाएको कामपा प्रहरीको भनाइ छ। यसैबीच ललितपुर महानगरपालिकाले स:शुल्क पार्किङ गर्ने व्यवस्थाको चर्को विरोध गरेपछि ललितपुर क्षेत्रको सबै पार्किङ नि:शुल्क गरेको थियो।

# ओली र सिंहबीच बालकोटमा भेटवार्ता

**भक्तपुर, (नेस)**

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको छ। ओली निवास बालकोटमा आइतबार साँझ भएको भेटमा बधाई साटासाट र समसामयिक राजनीतिक विषयमा छलफल भएको नेता सिंहको सचिवालयले जनाएको छ।



भेटमा सामान्य चुनावी समीक्षा र समसायमिक राष्ट्रिय राजनीतिको बारेमा दुई नेताबीचमा कुराकानी भएको नेता सिंहका स्वकीय सचिव युपी लामिछानेले बताउनुभयो। नयाँ सरकार गठनको कसरत भइरहेका बेला अध्यक्ष ओली र नेता सिंहबीच भेटवार्ता भएको हो। कुनै पनि पार्टीले एक्लै बहुमत ल्याउन नसक्ने परिस्थिति देखिएको छ।

सिंहले कांग्रेसबाट आफू पनि प्रधानमन्त्रीको आकांक्षी भएको बताउँदै आउनुभएको छ। मङ्सिर ४ गतेको निर्वाचनमा सिंह काठमाडौं क्षेत्र नं.१ बाट निर्वाचित हुनुभएको छ भने ओली झापा क्षेत्र नं.५ बाट निर्वाचित हुनुभएको छ।

# सरकारी निवासमै हाकिम र जनप्रतिनिधिको 'मदिरा पार्टी'

**टेकसिंह धामी, धनगढी**

कैलालीमा एक सरकारी निवासमा तोडफोड भएको छ। जिल्लाको घोडाघोडी नगरपालिकास्थित एक सरकारी निवासमा तोडफोड भएको हो। घोडाघोडी नगरपालिका वडानम्बर १ का वडाध्यक्ष घनश्याम ओझाले प्रमुख प्रशासकीय अधिकृतको सरकारी निवासमा तोडफोड गरेको इलाका प्रहरी कार्यालय सुखडका प्रमुख प्रहरी नायब उपरीक्षक लक्ष्मण शाहीले जानकारी दिनुभयो। लात्तीले प्रहार गर्दा कोठामा



रहेका टेबुलहरू भाँचिएको तथा अन्य सामग्री फुटेको प्रहरीको भनाइ छ।

### किन भयो तोडफोड ?

शनिबार राति घोडाघोडीका मेयर खड्कबहादुर रावतसहित केही वडाका वडाध्यक्षले प्रमुख प्रशासकीय अधिकृत दीपककुमार आचार्यको सरकारी निवासमा मदिरा सेवन गरेका, सुखड बजारस्थित 'माछा घर रेस्टुरेन्ट'मा पनि मदिरा सेवन गरेका र विवाद शुरू भएको प्रमुख प्रहरी नायब उपरीक्षक लक्ष्मण शाहीले बताउनुभयो।

(क्रमशः पृष्ठ ५ मा)

# बाजुराको मतगणना अनिश्चित

**दयाराम पण्डित, बाजुरा**

मङ्सिर ४ र १० गते भएको संघ र प्रदेश सभा निर्वाचनको मतगणना बाजुरामा अनिश्चित देखिएको छ। मतगणना हुने वा पुन: मतदान हुने अन्योल रहेको निर्वाचन अधिकृत नवराज अवस्थीले जानकारी दिनुभएको छ। मतपेटिका लाहा लगाएर गोदाममा थन्क्याइका छन्। बूढीनन्दा नगरपालिका-५ स्थित नन्देश्वरी मावि मतदान केन्द्रमा भएको मतपेटिका पनि शनिबार राति नै मुख्य निर्वाचन अधिकृतको कार्यालयसमक्ष बुझाइएको छ। मतपत्र सिलबन्दी छन्। मतदाता मतगणनाको पर्खाइमा छन्।

नेपाली कांग्रेस र नेकपा एमालेद्वारा केही मतदान केन्द्रमा बुथ कब्जा भएको निवेदनका आधारमा निर्वाचन आयोगलले चार दिनदेखि स्थलगत भ्रमण गरी छानबिन शुरू गरेको हो। निर्वाचन आयोगको टोली बाजुरा पुगेर आइतबार काठमाडौं फर्किसकेको छ। 'आयोगका सहसचिव तुल्सीबहादुर श्रेष्ठको नेतृत्वमा तीन सदस्यीय टोली बाजुरा आएको थियो आवश्यक सोधुपछ गरी आइतबारै फर्किएको छ' - निर्वाचन कार्यालय बाजुराका प्रमुख अवस्थीले भन्नुभयो।

निर्वाचन आयोगले मतगणना गर्ने वा केही ठाउँमा पुन: मतदान गर्ने भन्ने निर्णयका आधारमा अघि बढ्ने भएको छ। आयोगले टोली काठमाडौं पुगेर निर्णय गर्ने भएकाले के गर्ने भन्ने अन्योल रहेको निर्वाचन अधिकृत अवस्थीले बताउनुभएको छ।

बूढीनन्दा नगरपालिका-५ मा शनिबार दोस्रोपटक चुनाव भएको थियो। अन्य ठाउँमा भने ४ गते चुनाव सम्पन्न भएको थियो। मङ्सिर ४ गते भएको चुनावमा एमाले र कांग्रेसले केही बुथ कब्जा गरेर एकलौटी मतदान गरेको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय बाजुरामा निवेदन परेको थियो। नेकपा एमालेले १६ बुथमा कांग्रेसले एकलौटी गरी बुथ कब्जा गरेको आरोप छ। त्यस्तै, नेपाली कांग्रेस बाजुराले ८ वटा बुथमा एमालेले कब्जा गरेर फर्जी मत खसाएको आरोप छ।

आयोगको टोलीले बाजुरामा राजनीतिक दल, कर्मचारीलगायतसँग छलफल गरेको थियो। बाजुराको त्रिवेणी नगरपालिका-७ बस्ने अनेरास्ववियुका केन्द्रीय सदस्य चेतन ऐडीको शव ७ दिनसम्म पनि आफन्तले बुझेका छैनन्। दोषीलाई पक्राउ नगर्दासम्म शव नउठाउने चेतनका बुबा गगन ऐडीले बताउनुभएको छ। नेकपा एमाले बाजुराले पनि चेतनको हत्यारालाई प्रक्राउ गरी दोषीमाथि कारबाहीको माग गर्दै मङ्सिर ५ गतेदेखि बाजुरामा चरणबद्ध आन्दोलन गरिरहेको छ।

'बाजुरामा २०५४ को स्थानीय निर्वाचनमा तत्कालीन कुल्देउमाण्डौं गाविसको भानुदय माविमा गोली चल्दा आइते शेराला र धनबहादुर खातीको ज्यान गयो। २०७४ को स्थानीय तहको निर्वाचनमा खप्तड क्षेडेदह गाउँपालिकाका वडा नं ५ का हंशबहादुर रावतले ज्यान गुमाउनुपर्‍यो। २०७९ मङ्सिर ४ गतेको को निर्वाचनमा त्रिवेणी नगरपालिका वडा न. ७ का दुई दाजुभाइ चेतन ऐडी र सञ्जीव ऐडीले अकालमा ज्यान गुमाउनु परेको छ।

## ७ दिन बित्दा समेत मतगणना हुन सकेन

**अमृत अर्याल, स्याङ्जा**

स्याङ्जा क्षेत्रनम्बर २ मा ७ दिन बित्दासमेत मतगणना हुन सकेको छैन। कहिले र कति बेला शुरू हुन्छ भन्नेमा अन्योल छ। चापाकोट नगरपालिकाको विभिन्न मतदानस्थलमा बुथ कब्जा गरेर कांग्रेसले मत खसालेको एमालेको आरोप छ।

यता सौहार्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भएको कांग्रेसको दाबी छ। चापाकोटका विभिन्न बुथमा जबरजस्ती गठबन्धनले फर्जी मत खसालेको एमालेका उम्मेदवार पद्मा अर्यालले आरोप लगाउनुभएको छ। निष्पक्ष रूपमा मतदाताले मत खसालेको कांग्रेसका उम्मेदवार धनराज गुरुङले दाबी गर्नुभयो। विगत १ सातादेखि धाँधली भएको बुथमा पुन: निर्वाचन हुनुपर्ने माग गर्दै एमालेले आन्दोलन गरिरहेको छ भने तत्काल मतगणना गर्न भन्दै कांग्रेस धर्ना बसिरहेको छ। दुवै पक्षको आन्दोलन वालिङमा जारी छ।






निर्वाचन विधिपूर्वक, सौहार्दरूपमा सम्पन्न भएको नेपाली कांग्रेस स्याङ्जाका कार्यवाहक सभापति केदार काफ्लेले प्रतिक्रिया दिनुभयो। नियमसंगत ढंगबाट निर्वाचन प्रक्रिया सम्पन्न भएको र मतपेटिका आएको उहाँले बताउनुभयो। आफूहरू मतगणना हुनुपर्ने माग गर्दै धर्ना बसिरहेको काफ्लेले बताउनुभयो।

नेकपा एमालेका नेता एवं स्याङ्जा क्षेत्र नं. २ प्रतिनिधिसभा सदस्यका उम्मेदवार पद्माकुमारी अर्यालले आफूहरूको लडाइँ विधि र कानुनको भएको बताउनुभएको छ। स्याङ्जाको वालिङमा निर्वाचन आयोगको प्रतिनिधिसँग छलफलपछि पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै एमाले नेता अर्यालले सो कुरा बताउनुभएको हो।

उहाँले भन्नुभयो- 'विधिसम्मत चुनाव भएन। हाम्रो लडाइँ भनेको पदको होइन, विधिको लडाइँ हो। कानुनको लडाइँ हो। त्यसैले जनताले ठीक तरिकाले बालिग मताधिकारको प्रयोग गर्न पाउनुपर्‍यो। चापाकोटमा डकैती खालको चुनाव भयो, लुटपाटपूर्ण चुनाव भयो। त्यसैले त्यो चुनाव खारेज गरेर अर्को निर्वाचन गराइनुपर्छ भन्ने हाम्रो माग हो।'

(क्रमशः पृष्ठ ५ मा)

# पाल्पालीको अपेक्षा समस्या सम्बोधनको

**सिद्धार्थ राजमार्गको स्तरोन्नति र सुधार**
**तानसेनको खानेपानी समस्या समाधान**
**पूर्वी पाल्पाको विद्युतीकरण**
**सीमान्तकृत र अल्पसंख्यकको समस्या**
**जंगली जनावरको क्षतिका निम्ति पहल गर्नुपर्ने माग**



**कविराज नेपाल, पाल्पा**

पाल्पा जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभाको अन्तिम नतिजा आइसकेको छ। दुईवटा प्रतिनिधिसभा र चारवटा प्रदेशसभामध्ये दुई प्रतिनिधिसभा र दुई प्रदेशसभामा एमाले तथा एक-एक प्रदेशसभामा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले विजयी हासिल गरेका छन्।

चुनावको दौरानमा मतदाताको घरदैलोमा पुग्ने बेला उम्मेदवारहरूले यहाँका मुख्य समस्याहरू सिद्धार्थ राजमार्गको सुधार, तानसेनको खानेपानी दुर-दराजमा रहेका खानेपानी विद्युत, भौतिक पूर्वाधारको विकासका साथै जनताको जीवनस्तरमा सुधार ल्याउने संकल्प र योजना अघि सारेका थिए।

प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवार हरूले जिल्लाको समग्र विकासका अलावा जंगली जनावरको समस्या समाधान र अल्पसंख्यक समुदायको आर्थिक र सामाजिक उत्थानका लागि योजना ल्याउने बताएका थिए। विशेष गरी नेकपा समाजवादी केन्द्रका उम्मेदवार सोमप्रसाद पाण्डे र नेकपा एमालेका उम्मेदवार ठाकुर गैरेले जिल्लाका विभिन्न स्थानमा भएका चुनावी कार्यक्रममा यस्तो योजना ल्याउनुभएको थियो।

चुनावको दौरानमा आफ्नै पूर्वसहकर्मी पाण्डेलाई करिब ४ हजार मतान्तरले पराजित गरेका नेकपा एमालेबाट निर्वाचित पूर्वविद्यार्थी नेतासमेत रहेका गैरेले पाल्पाको विकासका लागि आफू मन, वचन र कर्मले लाग्ने बताउनुभएको छ। चुनावको दौरानमा पाल्पा जिल्लाका विभिन्न स्थानमा बाँदरलगायत जंगली जनावरको आतंकका कारण कृषकहरू मर्कामा परेको र बसाइँसराइसम्म गर्नुपरेकाले त्यसको समाधान र नियन्त्रणका लागि योजना ल्याउने उहाँको भनाइ थियो ।

जिल्लाका विभिन्न स्थानमा बाँदर, दुम्सी, बँदेल, मृगजस्ता जंगली जनावरले कृषकलाई दु:ख दिएको गुनासो पाल्पालीले गरिरहँदा यसको दीर्घकालीन समाधान खोजिनुपर्नेमा आम मतदाताको जोड छ। पछिल्लो समय यहाँको वगनासकाली, रिब्दीकोट, रैनादेवी छहरालगायत तानसेन नगरपालिकाका विभिन्न वडामा कृषकले लगाएको अन्नबाली, फलफूल र तरकारी खेतीमा जंगली जनावरले दु:ख दिने र बालीनाली नोक्सान गर्ने गरेका कारण कृषक मर्कामा परेका छन्। यसको समाधानका लागि उहाँ कसरी अघि बढ्नुहुन्छ जिल्लावासी उत्सुकताका साथ हेरिरहेका छन्।

वर्षेनी दर्जनौं व्यक्तिको ज्यान लिने र मृत्युमार्गका रूपमा चिनिएको सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्डको सुधार गरी पाल्पामा पर्यटक भित्र्याउन र समग्र पाल्पाको विकासमा टेवा पुऱ्याउनका लागि यो मार्गको सुधार अत्यन्त जरुरी छ। र, हरेक चुनावका बेला यो मुद्दा जोडतोडले उठ्ने पनि गरेको छ। यसको सम्बोधन गर्नका लागि प्रदेशसभा र संघीय संसद्का विजयी उम्मेदवार कसरी अघि बढ्छन् त्यो पनि जिल्लावासीको प्रतीक्षाको विषय बनेको छ। यद्यपि चुनावका बेला र विजय भइसकेपछि शुभकामना दिने क्रममा पाल्पावासीले यो विषयको सम्बोधन हुनुपर्ने कुरालाई जोड दिएका छन्।

अर्को समस्याका रूपमा सदरमुकामवासीले भोग्दै आएको खानेपानी समस्या हो भने उत्तर-दक्षिण जोडिएका सडकहरू, पूर्वी पाल्पाको विद्युतीकरण, पर्यटकीयस्थलहरूको सुधारका साथै जनजीविकाका सवालहरू पनि छन्। त्यसो त सीमान्तकृत समुदाय, कुमाल, बोटेलगायतको आर्थिक सामाजिकस्तरमा ल्याउनुपर्ने सुधार र दैनन्दिन समस्याको समाधान पनि नवनिर्वाचित सांसदहरूको काँधमा छ। त्यसो त चुनावी अभियानकै दौरानमा हाल विजयी भएका प्रतिनिधिसभाका उम्मेदवार नारायण आचार्य, वीरबहादुर राना, तुलाराम घर्ती, राजुप्रसाद श्रेष्ठ तथा खेमबहादुर सारूले आ-आफ्नो निर्वाचन क्षेत्रका जनतासँग विभिन्न किसिमका योजना र कार्यक्रम अघि सार्ने प्रतिबद्धता गर्नुभएको छ।

### पाल्पामा एमाले पहिलो

प्रतिनिधिसभा तथा प्रदेशसभा समानुपातिक निर्वाचनमा पाल्पामा नेकपा एमाले पहिलो पार्टी भएको छ। हुन त प्रत्यक्षतर्फ पनि एमाले नै पहिलो भयो। पाल्पा क्षेत्र नं. १ मा प्रतिनिधिसभा र प्रदेशसभामा ३ जना नै एमालेकै उम्मेदवार विजयी भए।

क्षेत्र नं. २ मा प्रतिनिधिसभामा एमाले र प्रदेशसभामा एउटामा कांग्रेस र अर्कोमा 'एस' र माओवादीका उम्मेदवार विजयी भएका छन्। प्रतिनिधिसभातर्फ पाल्पामा नेकपा एमालेले समानुपातिकमा ५० हजार १ सय २३ मत पाएको छ। नेपाली कांग्रेसले ३७ हजार ९ सय ७९ मत, राष्ट्रिय स्वतन्त्र पार्टीले ७ हजार ८ सय १३, नेकपा माओवादी केन्द्रले ५ हजार ७ सय ९१, मंगोल नेसनल अर्गनाइजेसनले ३ हजार १ सय ९८, नेकपा (एकीकृत समाजवादी)ले १ हजार ६ सय ९९, राष्ट्रिय प्रजातन्त्र पार्टीले १ हजार ५ सय ४२, राष्ट्रिय जनमोर्चाले ६ सय ३२, राष्ट्रिय जनमुक्ति पार्टीले ५ सय ४०, जनमत पार्टीले १ सय ३० मत प्राप्त गरेको जिल्ला निर्वाचन अधिकृत रुक्मागत अर्यालले बताउनुभयो।

कुल २ लाख १ हजार ३ सय २६ मतदाता रहेको पाल्पामा प्रतिनिधिसभातर्फ १ लाख २१ हजार ५ सय ९७ मत खसेको थियो भने ३ हजार ५ सय ४५ मत बदर भएको थियो।

प्रदेशसभामा पनि एमालेले नै धेरै मत ल्याएको छ। नेकपा एमालेले ५५ हजार ३ सय ६ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले ३९ हजार ८ सय ६८ मतका साथ दोस्रो दल भएको छ। नेकपा माओवादी केन्द्रले ८ हजार २ सय १६ मत, मंगोल नेसनल अर्गनाइजेसनको ३ हजार ९ सय ५, नेकपा समाजवादीले ३ हजार ७ सय ४०, राप्रपा ३ हजार १५, राष्ट्रिय जनमोर्चाको १ हजार ३३, राष्ट्रिय जनमुक्ति पार्टीको ७ सय ४८ मत रहेको छ।

त्यस्तै, हाम्रो नेपाली पार्टीको ४ सय ९४ मत, जनमत पार्टीको २ सय ४९, जनता समाजवादी पार्टीको २ सय ४२, नेपाल आमा पार्टीको १ सय ७७, नेकपा मार्क्सवादी लेलिनवादीको १ सय ४८ मत, जनसमाजवादी पार्टीको १ सय ६ मत रहेको छ।

२ लाख १ हजार ३ सय २६ मतदाता रहेको पाल्पामा प्रदेशतर्फ १ लाख २२ हजार ४ सय ४२ मत खसेको थियो।

# डोटीमा ८ हजार ६ सय २० मत बदर

**विमल विष्ट, डोटी**

निर्वाचन आयोगले मतदाता शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा डोटीमा प्रत्यक्षतर्फको ८ हजार ६ सय २० मत बदर भएको छ। मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको अन्तिम मतपरिणामअनुसार ठूलो संखमा मत बदर भएको हो।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको मतपरिणामअनुसार प्रतिनिधि सभातर्फ ६३ हजार ५ सय ५२ मत खसेको थियो। जसमध्ये ८ हजार ६ सय २० मत बदर हुँदा ५४ हजार ९ सय ३२ मत मात्रै सदर भएको छ। एउटा प्रतिनिधिसभा र दुईवटा प्रदेशसभा रहेको डोटीमा प्रतिनिधिसभातर्फको ४ हजार ९ सय ६९ मत बदर भएको मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्ड्यले बताउनुभयो।

उहाँका अनुसार प्रदेशसभा 'क' तर्फ ३३ हजार ३ सय २२ मत खसेकोमा १ हजार ९ सय १९ मत बदर भयो। ३० हजार २ सय ३४ मत खसेको प्रदेशसभा 'ख' तर्फ १ हजार ७ सय ३२ मत बदर भएको छ। प्रतिनिधिसभातर्फ नेकपा (एकीकृत समाजवादी) का प्रेमबहादुर आले ४ हजार २ सय ६ मतको अन्तरले विजयी हुनुभएको थियो। प्रदेशसभा 'क' मा नेकपा एमालेका चक्र मल्ल ४ सय ५० मतको अन्तरले मात्रै विजयी हुनुभयो भने प्रदेशसभा 'ख' मा नेकपा (माओवादी केन्द्र) का शिवसिंह ओली ९ सय १८ मतान्तरले विजयी हुनुभयो।

उम्मेदवार बीचको मतान्तर हेर्दा बदर मतको संख्या घटेको अवस्थामा नतिजा फरक आउने देखिन्छ। निर्वाचन आयोगले मतदाता शिक्षालाई प्रभावकारीरूपमा सञ्चालन गर्न नसक्दा बदर मतको संख्या बढेको उम्मेदवारहरूको गुनासो छ। प्रदेश र प्रतिनिधिसभाको अन्तिम मतपरिणाम सार्वजनिक गरिए पनि समानुपातिक तर्फको मतको नतिजा सार्वजनिक हुनसकेको छैन।

# महिला कैदीबन्दीलाई मनोपरामर्श

**नेपाल समाचारपत्र, तनहुँ**

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत जिल्ला कारागार तनहुँमा रहेका कैदीबन्दीलाई मानसिक सचेतना कार्यक्रम गरिएको छ। महिला कैदीबन्दीका लागि मानसिक तनावको व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले आइतबार मानसिक सचेतना कार्यक्रम गरिएको हो।



कारागारमा रहेका १४ महिला कैदीबन्दीलाई कोशिस नेपालका मनोविद सीता भण्डारी र आरती अधिकारीले परामर्श दिनुभएको थियो। उनीहरूलाई विचलन भएको मनलाई व्यवस्थापन गर्ने विधि प्रयोगात्मक रूपमा सिकाइएको छ। क्रियाशील पत्रकार महिलाका केन्द्रीय सदस्य सोनी शर्माले कारागारमा रहेका कैदीबन्दीले मानसिक विचलनले गर्दा नै आपराधिक क्रियाकलापमा संलग्न भएर सजायको भागिदार बनेकाले उनीहरूको मानसिकतामा व्यवस्थापन गर्न सहयोग पुऱ्याउन कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। 'मानसिक विचलनले मानिसलाई आपराधिक घटनातर्फ उन्मुख गराएको हुन्छ। उनीहरूमा हुने यही मानसिकता परिवर्तनमा सहयोग पुऱ्याउनुपर्छ भन्ने विषयलाई मध्यनजर गरी सचेतना र परामर्श आवश्यकता पर्छ। परामर्शको माध्यमबाट नै उनीहरूलाई असल नागरिक बनाउन सहयोग पुऱ्याउनुपर्छ।' -उहाँको भनाइ छ।

कोशिस तनहुँका परियोजना संयोजक महेन्द्र आचार्यले मानसिक विचलन भएका व्यक्तिलाई मनोपरामर्शको सचेतनाको अभावले अपराधिक गतिविधिमा संलग्न हुने भएकाले मनलाई व्यवस्थापन हुने विश्वास व्यक्त गर्नुभयो।

तनहुँ कारागारका निमित्त प्रमुख नारायणप्रसाद अधिकारीले कैदीबन्दीको मानसिक सन्तुलनका लागि सीपमूलक तालिमको व्यवस्थापन गरिएको बताउनुभयो। मनोपरामर्शले कैदीबन्दीको मानसिक समस्या न्यूनीकरण तथा व्यवस्थापन गर्ने अधिकारीको अपेक्षा छ।

सचेतना कार्यक्रममा कैदीबन्दीको स्वास्थ्य परीक्षण गरिएको छ। सिटामोल, रुघाखोकी, जीवनजललगायतका औषधिसमेत कैदीबन्दी वितरण गरिएको थियो। महिला कैदीबन्दीका लागि अत्यावश्यक सामग्रीका रूपमा रहेको १ सय थान सेनेटरी प्याड पनि वितरण गरिएको छ।

कोशिस नेपाल, क्रियाशील पत्रकार महिला तनहुँ, सञ्चारिका समूह नेपाल तनहुँ, सामाजिक विकास कार्यालय तनहुँ, एकद्वार संकट व्यवस्थापन संयन्त्र सेवा केन्द्र (ओसीएमसी)को संयुक्त आयोजना तथा जिल्ला कारागार कार्यालय तनहुँको समन्वयमा मानसिक सचेतना कार्यक्रम गरिएको हो।


Civil Aviation Authority of Nepal
**Electromechanical Department**
Head Office, Babarmahal, Kathmandu
(Publication Date: 2079/08/12)

**Intention to Award the Contract**

This is to notify that, it is our intention to award the contract dated **2079/06/14** for execution of the following contract as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N | Contract | Substantially Responsive Lowest Evaluated Bidder | Bid Price | Remarks |
|---|---|---|---|---|
| 1 | Installation, Testing and Commissioning of VRF Type Air Conditioning System at Biratnagar and Dhangadhi Airport, NCB-02-EMD-ME-079/80 | M/S Neo-Tech Engineering Pvt. Ltd., Kathmandu | NRs. 25,62,020.00 +VAT (In Words: Twenty Five Lakhs Sixty Two Thousands Twenty Rupees Only +VAT) | |

Shree Bhaleshwor Secondary School
**Invitation for Bids**
**Invitation for Bids No.: MPH/1/2079/080**
**Date of publication : 28-11-2022**

1. **Shree Bhaleshwor Secondary School** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Extension of existing under construction Multipurpose Hall Block under National Competitive Bidding procedures.
The estimated amount for the works is Rs. (in NRs) 11543077.97 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Shree Bhaleshwor Secondary School, Kavrepalanchok, Kavre, Bagmati Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank :** Nepal Bank Ltd. **Name of Office :** Shree Bhaleshwor Secondary School **Office Code no :** 240650026 **Office Account no:** 01500100049936000001 **Rajaswa (revenue) Shirshak no.:**
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Shree Bhaleshwor Secondary School, Kavrepalanchok, Kavre, Bagmati Province, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 28-12-2022 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28-12-2022 13:00 at the office of Shree Bhaleshwor Secondary SchoolKavrepalanchok. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 327000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Invitation for Bids**
**[Procurement of Second Floor Office building]**
Province Government
Ministry of Agriculture
Directorate of Livestock and Fisheries Development
**Livestock Service Training Center**
**Province no.1, Duhabi, Sunsari**
**Invitation for Bids No: LSTC/NCB/2079/080-01**
Date of publication: 2079-08-12

1. **Livestock Service Training Center** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of construction of second floor office building under National Competitive Bidding procedures. The estimated amount for the works is Rs.***34,18,594.93/- (Excluding VAT)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [construction of second floor office building, Duhabi, Sunsari, www.lstcp1sun@gmail.com, 025-540708 ***or may visit PPMO website www.bolpatra.gov.np***/egp.
3. A complete set of Bidding Documents may be purchased from the office /**Livestock Service Training Center, Duhabi, Sunsari**] and the office [**Livestock Service Training Center, Duhabi, Sunsari**] by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of [3000] till ***[2079-09-12]***during office hours.

**Or**

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank Inruwa, Sunsari
Name of Office: Livestock Service Training Center
Office Code no. :3120214021 Office Account no.: 1000100201010001 (Pradesh revenue acc) Rajaswa (revenue) Shirshak no. : 14229

4. Pre-bid meeting shall be held at [**Livestock Service Training Center, Duhabi, Sunsari**] at [2079-08-29].
5. Sealed or electronic bids must be submitted to the office [**Livestock Service Training Center, Duhabi, Sunsari** by hand/courier or through PPMO website ***www.bolpatra.gov.np***/egp on or before [12:00] on [2079-09-13]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [13:00 and 2079-08-13] at the office of [**Livestock Service Training Center, Duhabi, Sunsari**]. Bids must be valid for a period of [120 days] after bid opening and must be accompanied by a bid security ***or scanned copy of the bid security in .pdf format in case of e-bid,*** amounting to a minimum of[ ***(97,000.00)]***, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


# समानुपातिकमा एमाले पहिलो

**ताप्लेजुङ, (नेस)**

ताप्लेजुङमा समानुपातिकतर्फ मतगणना सकिएसँगै नेकपा एमाले पहिलो पार्टी बनेको छ। समानुपातिकतर्फ ४८ हजार ६ सय ९२ खसेको मतमा १९ हजार ६ सय ४ मत ल्याउँदै एमाले भएको हो।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत शम्भुप्रसाद रेग्मीका अनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फ नेपाली कांग्रेसले १५ हजार ३ सय ७५, माओवादी केन्द्रले ५ हजार १ ६२, नेकपा (एकीकृत समाजवादी)ले १ हजार ५ सय ४५, गोलाकारभित्रको घण्टीले ९ सय ७८, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले ९ सय ३२, जनता समाजवादी पार्टीले ७ सय २२, राष्ट्रिय प्रजातन्त्र पार्टीले ६ सय ३७, राष्ट्रिय जनमुक्ति पार्टीले ३ सय ३० र मंगोल नेसनल अर्गनाइजेसनले १ सय २५ मत पाएको छ। मत नै नपाउने दल र १ मत पाउने दल पनि रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

प्रदेशसभातर्फ एमालेले १८ हजार ५ सय ६९ मत पाएको छ भने कांग्रेसले १३ हजार ७ सय ७४ मत पाएको छ। माओवादी केन्द्रले ५ हजार ९ सय ९८, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले १ हजार ८ सय १४, एकीकृत समाजवादीले १ हजार ५ सय ५६, राप्रपाले ९ सय २५, जसपाले ८ सय ६५, मत पाएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

यस्तै राष्ट्रिय जनमुक्ति पार्टीले ४ सय ६९, लौरो चुनाव चिह्नको हाम्रो नेपाल पार्टीले सय ३७, आमूल परिवर्तन मसिहा पार्टीले १ सय ३६ र मंगोल नेसनल अर्गनाइजेसनले १ सय ३२ मत ल्याएका जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङले जानाएको छ।

# गुरुलाई हराएर संघीय संसद्मा पुगे चेला

**रोशन पराजुली, हेटौंडा**

दुईवटा प्रतिनिधिसभा क्षेत्रमा सम्पन्न निर्वाचनको प्रत्यक्षतर्फको मतगणना सकिँदा अबको ५ वर्षका लागि दुई सांसद प्रतिनिधिसभामा र ४ जना प्रदेशसभामा पुग्दा तीन नयाँ अनुहार र तीन पुरानै अनुहारले निरन्तरता पाए।

दुई प्रतिनिधिसभा क्षेत्र रहेको मकवानपुरमा दुवै क्षेत्र लोकतान्त्रिक-वाम गठबन्धनको हातबाट फुत्किएको छ। क्षेत्र नम्बर १ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार दीपकबहादुर सिंह विजयी हुनुभएको छ भने क्षेत्र नम्बर २ मा नेकपा एमालेका महेशकुमार बर्तौला विजयी हुनुभयो। क्षेत्र नम्बर १ मा विजयी सिंहलाई निर्वाचन प्रणालीमा पाँचौं प्रयासमा मिलेको सफलता हो भने क्षेत्र नम्बर २ मा विजयी बर्तौलाले पहिलो प्रयासमा नै बाजी मार्नुभएको हो।

मकवानपुरबाट प्रतिनिधिसभा सांसदका लागि क्षेत्र-१ मा १६ जना र क्षेत्र-२ का लागि १० जनाको उम्मेदवारी दर्ता भएको थियो। मकवानपुर प्रतिनिधिसभा क्षेत्र-२ मा विजयी नेकपा एमालेका बर्तौलाका निकटतम प्रतिस्पर्धीका रूपमा रहनुभएका नेकपा (एकीकृत समाजवादी) का पूर्वस्वास्थ्यमन्त्री विरोध खतिवडालाई भारी मतान्तरले पराजित गर्दै विजयी हुनुभएको हो। बर्तौला, खतिवडाका राजनीतिक चेला हुन्। विद्यार्थीकालदेखि नै खतिवडासँग राजनीतिमा प्रवेश गर्नुभएका बर्तौलाले उहाँकै गुरुलाई पराजित गर्नुभएको छ।

उक्त क्षेत्रमा खसेको ८६ हजार ६ सय ५२ मतमा बर्तौलाले ३४ हजार ९ सय १६ मत प्राप्त गर्नुभएको छ। उहाँका प्रतिद्वन्द्वी खतिवडाले ३० हजार ३ सय ९६ मत प्राप्त गर्नुभएको छ। पहिलोपटक नै सफलता हात परेपछि अब युवापुस्तालाई देश चलाउन जिम्मा दिएर आराम गर्न खतिवडालाई आग्रह गर्दै आफ्नो जितमा खुसी हुन बर्तौलाले





सुझाव दिनुभएको छ।

नेकपा एमाले वागमती प्रदेश कमिटी उपमहासचिवसमेत रहेका बर्तौलाले आफ्नो अठोटमा 'एक पालिका-एक आवासीय विद्यालय' कार्यक्रममार्फत बालबालिकालाई घन्टौं हिँडेर विद्यालय जानुपर्ने र फर्किनुपर्ने अवस्था अन्त्य, सबै बालबालिकाको विद्यालयमा सहज पहुँच स्थापित गरिने, विद्यालय शिक्षामा शिक्षकको विषयगत दरबन्दी सुनिश्चितता गर्न केन्द्रीय नीति, आवश्यक शैक्षिक तथा भौतिक पूर्वाधार विकास गरी मकवानपुरलाई उच्चशिक्षाको हब बनाउन पहल गरिने उल्लेख गर्नुभएको छ।

विभिन्न जातिका भाषा, कला, सँस्कृति संरक्षण, प्रवर्द्धन र विकास, उद्यमशीलता विकासमार्फत युवाको श्रमलाई उत्पादनसँग जोड्दै स्वरोजगार बनाइने, लगानीमैत्री वातावरण सिर्जना एवं औद्योगिक पूर्वाधार विकास गरी हजारौंको रोजगारी सिर्जना गरिने, किसानले भोग्नुपरेका मल, बीउ, सिँचाइ र बजारको समस्यालाई दीर्घकालीन समाधानको पहल गरिने, प्रत्येक घरमा पिउने पानीको पहुँच स्थापित गरिने र एक गाग्री पानीका लागि घन्टौं धाएर जानुपर्ने अवस्था अन्त्य गरिने उहाँले उल्लेख गर्नुभएको छ।

मकवानपुरको स्वास्थ्य सेवालाई व्यवस्थित, गुणस्तरीय र विश्वनीय बनाइने, सडक सञ्जाल, सञ्चार तथा शिक्षालगायत भौतिक पूर्वाधार विकासमार्फत सम्पूर्ण गाउँबस्तीको विकास र समृद्धिलाई प्राथमिकता दिइने, प्राकृतिक स्रोतसाधनलाई क्षेत्रको विकासका लागि परिचालन र व्यवस्थापन गरिने, जलवायु परिवर्तन एवं वातावरण संरक्षण क्षेत्रमा नीतिगत एवं कानुनी सुधार र कार्यान्वयन गरिने, मध्यवर्ती आरक्ष क्षेत्रको कानुनका कारण मनहरी र साविक हाँडीखोलाका बासिन्दाले भोग्नुपरेका समस्यालाई दीर्घकालीन समाधान खोजिने र आवश्यक स्थानमा नदी नियन्त्रण, बस्ती बचाऊ तथा तटबन्धन गरिने उहाँको अठोट छ।

सीमभञ्ज्याङमा मैत्री बगैंचा, थाहाको मूलबारीमा राष्ट्रिय विभूतिपार्क बनाइने, पर्यटन पूर्वाधार विकासमार्फत मकवानपुरलाई आन्तरिक तथा बाह्य पर्यटकीय गन्तव्य बनाइने, पयर्टन करिडोरको अवस्थाअन्तर्गत समग्र क्षेत्रको विकासलाई प्राथमिकता दिइने उल्लेख गर्नुभएका उहाँले पूर्वाधार विकासका लागि छुट्याइएको केन्द्रीय बजेटको शतप्रतिशत कार्यान्वयन गर्दै समयमा आयोजना सम्पन्न गराइने बताउनुभयो।

सार्वजनिक सेवा-प्रवाहलाई छिटो-छरितो, पारदर्शी र जनमैत्री बनाउँदै सुशासन कायम गरिने, अनाथ, असहाय बालबालिकाको संरक्षणका लागि बनेका कानुन कार्यान्वयन, मकवानपुरका ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक महत्वका पुरातात्विक सम्पदा संरक्षण र प्रवर्द्धन गरी यसको थप खोजी एवं प्रचार-प्रसार गर्दै अनुसन्धानकर्ता एवं पर्यटकहरूको आकर्षणको केन्द्र बनाइने उहाँको अठोट छ।

चरवटा प्रदेशसभा क्षेत्रले पनि प्रदेशसभा सांसद पाएको छ। प्रदेशसभा-१ 'क' मा नेकपा माओवादी केन्द्रका प्रेमबहादुर पुलामी छिन्तु, १ को 'ख' मा नेकपा एमालेका एकालाल श्रेष्ठ, प्रदेशसभा क्षेत्र-२ 'क' मा नेकपा माओवादी केन्द्रकी कुमारी मोक्तान र २ को 'ख' मा नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँ विजयी हुनुभएको छ।

मकवानपुर प्रतिनिधि र प्रदेशसभाको ६ सिटमा २ माओवादी केन्द्र, २ नेकपा एमाले, १ नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीले १ सिट पाएको छ।

# पर्वतमा २२ उम्मेदवारको धरौटी जफत

**नेपाल समाचारपत्र, पर्वत**

प्रतिनिधि तथा प्रदेशसभा सदस्य पदका उम्मेदवार रहेका पर्वतका २२ जनाको जमानत जफत हुने भएको छ। एमाले र सत्तारूढ गठबन्धनबाट उम्मेदवार रहेकाबाहेकका राजनीतिक दल तथा सबै स्वतन्त्र उम्मेदवारको धरौटी जफत हुने भएको हो।

पर्वतमा प्रतिनिधिसभा सदस्यका लागि भएको निर्वाचनमा जिल्लामा कुल ६६ हजार १ सय २९ मत खसेकोमा ६३ हजार ७ सय १६ मत सदर र २ हजार ४ सय १३ मत बदर भएको छ। सदर मतको १० प्रतिशत हुनका लागि ६ हजार ३ सय ७२ मत आएको हुनुपर्छ। तर, पर्वतबाट प्रतिनिधिसभामा भिडेका एमाले र कांग्रेसका उम्मेदवारबाहेक अन्य उम्मेदवारले तोकिएको मत पाएका छैनन्।

एमालेका पदम गिरी २९ हजार ८ सय ७२ मत पाउँदै विजेता बन्दा कांग्रेसका अर्जुन जोशी २७ हजार ६ सय ९ मतसहित पराजित भएका छन्। उहाँहरूबाहेक १० उम्मेदवारले भने सदरको १० प्रतिशत मत पाएका छैनन्। राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपकबहादुर मल्ल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका ठाकुरप्रसाद भुसाल, मंगोल नेसनल अर्गनाइजेसनका चन्द्रबहादुर पाइजा पुन, राष्ट्रिय जनमुक्ति पार्टीका बलबहादुर थापा, नेपाली कांग्रेस (बीपी) का देवाखर भट्टराई, नेपाल सुशासन पार्टीकी भगवती पौडेल, राष्ट्रिय स्वतन्त्र पार्टीका जालबहादुर पुर्जा पुन, स्वतन्त्र उमेदवारहरू अरुण पौडेल, सावित्री शर्मा र सीता देवी शर्माको पनि धरौटी रकम जफत भएको छ।

प्रदेशसभा 'क' मा कुल ३५ हजार १ सय ६८ सदर भएका छन्। यसको १० प्रतिशत ३ हजार ५ सय १७ हुन आउने भएकाले यो संख्या पार गरेका उम्मेदवारको मात्रै धरौटी फिर्ता हुनेछ। यो क्षेत्रमा एमाले र गठबन्धनबाहेकका उम्मेदवारको धरौटी जफत हुनेछ। विजेता बनेका एमालेका भक्त कुँवरले १६ हजार ८ सय २५ र पराजित बनेका नेकपा (माओवादी केन्द्र) का सुदीप कुँवरले १४ हजार ४ सय २७ मत पाएका छन्।

प्रदेशसभा 'ख' मा पनि एमाले र गठबन्धनका उम्मेदवार बाहेक अन्य उम्मेदवारले धरौटी जोगाउन सकेनन्। यो क्षेत्रमा २७ हजार ५ सय १ मत सदर भएको थियो। धरौटी जोगाउन त्यसको १० प्रतिशत अर्थात् २ हजार ७ सय ५० मत आएको हुनुपर्छ। एमालेबाट विजयी बनेका मित्रलाल बस्यालले १४ हजार १ सय ३२ र पराजित बनेका नेपाली कांग्रेसका ऋषिकेश तिवारीले १२ हजार २ सय १० मत पाए।

जिल्ला निर्वाचन अधिकारी लक्ष्मु शर्माका अनुसार सदर मतको १० प्रतिशत मत पाएका उम्मेदवारले तीन महिनाभित्रमा जिल्ला निर्वाचन कार्यालयमा 'धरौटी फिर्ता पाऊँ' भनी निवेदन दिएपछि मात्र फिर्ता पाउने छन्।

तर, १० प्रतिशत मत प्राप्त नगरेकाहरूले धरौटीका रूपमा राखेको रकम तीन महिना कटेपछि राजस्वका रूपमा जम्मा हुनेछ।

# प्रदेशसभामा कांग्रेसका सिंह र शाह निर्वाचित

**नेपाल समाचारपत्र, जाजरकोट**

प्रदेशसभा अन्तर्गत जाजरकोटको दुईवटै निर्वाचन क्षेत्रमा सत्ता गठबन्धन नेपाली कांग्रेसका उम्मेदवार निर्वाचिन भएका छन्।

बुधवार विहान मुख्य निर्वाचन अधिकृत केशव चपाईले दिएको जानकारी अनुसार प्रदेशसभा 'क' मा नेपाली कांग्रेसका जिल्ला सभापतिसमेत रहेका वेदराज सिंह र प्रदेशसभा 'ख' नेपाली कांग्रेसका केन्द्रीय सदस्य राजीवविक्रम शाह निर्वाचित हुनुभएको हो।

सिंह १८ हजार ५ सय ४३ मत प्राप्त गरी निर्वाचित हुँदा उहाँका प्रतिस्पर्धी नेकपा एमालेका डम्बरबहादुर सिंहले ११ हजार ४ सय ७० मत प्राप्त गर्नुभएको थियो। त्यसैगरि स्वतन्त्र उम्मेदवार कमान बहादुर खडकाले ४ हजार ४ सय ४६ मत प्राप्त गर्नुभयो। त्यस्तै, शाहले १६ हजार ४० मत प्राप्त गरी विजयी बन्दा निकटतम प्रतिस्पर्धी नेकपा एमालेका जिल्ला अध्यक्ष खिमबहादुर शाहीले १० हजार ५ सय ३० मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत केशव चपाईले बताउनुभयो।

२०७४ सालको निर्वाचनमा शाह प्रतिनिधि र सिंह प्रदेशसभामा पराजित हुनुभएको थियो। शाह ५ हजार ५ सय १० मतको फराकिलो मतान्तर पारेर विजयी हुनुभएको छ भने सिंह ७ हजार ७३ मतको फराकिलो मतान्तरले पराजित गर्नुभएको छ।

प्रतिनिधिसभामा सदस्यमा प्रतिस्पर्धा गर्न इच्छा देखाएका शाह सत्ता गठबन्धन दलमा सिट बाँडफाँट गर्दा नेकपा माओवादी केन्द्रका शक्ति बस्नेतले पाउने भएपछि उहाँ प्रदेशसभामा झर्नुभएको हो। २०७० सालको संविधानसभा सदस्य पदमा निर्वाचित भएका शाह २०७४ को सत्ता गठबन्धनका बस्नेतसँग प्रतिनिधिसभामा पराजित हुनुभएको थियो।

दोस्रो संविधानसभा सदस्यमा विजयी भएर अनुभव पाएका नेता शाहलाई अधुरा र अपूरा काम गर्ने बाटो खुलेको छ भने सिंहलाई जनता माझ नयाँ कामको शुरुआत गर्न बाटो खुलेको छ।

त्यस्तै, प्रतिनिधिसभामा सत्ता गठबन्धन दल नेकपा माओवादी केन्द्रका उपमहासचिव समेत रहेको शक्तिबहादुर बस्नेतले १४ हजार ५ सय ९३ मत प्राप्त गरी अग्रस्थानमा हुनुहुन्छ। नेकपा एमालेका निरज आचार्यले १० हजार ३ सय ६८ मतका साथ पछ्याइरहनुभएको छ। बारेकोट, कुशे गाउँपालिकाको मत गणना हुँदा भेरी, र नलगाड नगरपालिकाको मत गणना बाँकी रहेको मुख्य निर्वाचन अधिकृत केशव चपाईले बताउनुभयो।

प्रदेशसभामा प्रतिस्पर्धा गरेका वेदराज सिंह र डम्बरबहादुर सिंह बारेकोट गाउँपालिका ५ र ८ का स्थायी बासिन्दा हुनुहुन्छ भने प्रतिनिधिसभामा प्रतिस्पर्धा गरेका बस्नेत र आचार्य भेरी नगरपालिका १ र १२ का स्थायी बासिन्दा हुनुहुन्छ।

# २३ वर्षपछि कांगेसको जित







**नेपाल समाचारपत्र, मुगु**

हिमाली जिल्ला मुगुबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका उम्मेदवार ऐनबहादुर शाहीले २३ वर्षपछि कांगेसलाई जित दिलाउनसभएको छ। निकटतम प्रतिस्पर्धी विपक्ष एमाले उम्मेदवारलाई फराकिलो मतले पछि पार्दै उहाँ विजयी हुनुभएको हो।

शाहीले एमाले उम्मेदवार राजबहादुर कार्की (राजु) को भन्दा ३ हजार ९ सय ९४ मत बढी ल्याउनसभएको थियो। कुल १४ हजार ७ सय ७ मत ल्याएर शाही विजयी हुँदा कार्कीले १० हजार ७ सय ८ मत ल्याउनुभएको थियो। प्रतिनिधिसभाको एकमात्र क्षेत्र रहेको मुगुमा ३५ हजार ४ सय ८५ मतदाता रहेकोमा २६ हजार ६ सय १५ मतदाता मतदानमा सहभागी भएका थिए।

२०४८ र २०५१ सालको प्रतिनिधिसभा सदस्यमा कांग्रेसका नेता तथा पूर्वशिक्षा राज्यमन्त्री हस्तबहादुर मल्ल विजयी भएपछि त्यसपछिका चारवटा निर्वाचनमा कांग्रेसले जित हासिल गर्न सकेको थिएन। निर्वाचित शाहीले नेपाली कांग्रेस मुगुको २३ वर्ष अघिदेखि गुमाएको विरासत फर्काउनुभएको हो।

यसै गरी, दुईवटा प्रदेशसभा सदस्य क्षेत्र रहेको मुगुमा प्रदेश 'क' मा नेकपा एमाले उम्मेदवार जितबहादुर मल्ल र प्रदेश 'ख' मा नेकपा माओवादी केन्द्रका मंगलबहादुर शाही विजयी हुनुभएको छ। मुख्य निर्वाचन अधिकृत दिलबहादुर बर्देवाका अनुसार प्रदेश 'क' मा खसेको कुल मत १२ हजार ८९ मध्ये एमाले उम्मेदवार मल्ल ५ हजार ४ सय ३० मत ल्याउँदै विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एकीकृत समाजवादी)का उम्मेदवार गोपालबहादुर बमले ४ हजार २ सय २३ मत ल्याउनुभएको थियो।

बम सत्ता गठबन्धनका साझा उम्मेदवार हुनुहुन्थ्यो। उहाँ निवर्तमान प्रतिनिधिसभाका सदस्य पनि हुनुहुन्छ। २०७४ सालको प्रतिनिधिसभा सदस्यमा एमालेबाट निर्वाचित बम २०७९ सालको निर्वाचनमा एमालेका उम्मेदवारबाटै पराजित हुनुभयो।

प्रदेश 'ख' मा नेकपा माओवादीका उम्मेदवार मंगलबहादुर शाहीले कुल खसेको १३ हजार ६ सय २६ मतमध्ये ८ हजार ४ सय २९ मत ल्याउनसभएको थियो। निकटतम प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार कर्णबहादुर मल्लले ४ हजार ८ सय ८४ मत पाउनुभयो।

# पाल्पामा एमालेको वर्चस्व

**कविराज नेपाल, पाल्पा**

दुई प्रतिनिधिसभा र चार प्रदेशसभा रहेको पाल्पा जिल्लाको अन्तिम नतिजा घोषणा हुँदा नेकपा एमालेले वर्चस्व जमाएको छ। दुवै प्रतिनिधिसभा र दुई प्रदेशसभामा एमाले र बाँकी दुईमध्ये एकमा काग्रेस तथा अर्कोमा माओवादी केन्द्रले विजय हासिल गरेका छन्।

प्रतिनिधिसभातर्फ पाल्पाको क्षेत्र नम्बर १ मा नेकपा एमालेका नारायणप्रसाद आचार्य र क्षेत्र नम्बर २ मा नेकपा एमालेकै ठाकुरप्रसाद गैरे तथा प्रदेशसभातर्फ क्षेत्र नं १ 'क' मा एमालेकै राजुप्रसाद श्रेष्ठ तथा प्रदेशसभा क्षेत्र नं १ 'ख' नेकपा एमालेकै खेमबहादुर सारूले विजय हासिल गर्नुभएको हो। त्यस्तै, प्रदेशसभा क्षेत्र नं २ 'क' मा नेपाली कांग्रेसका वीरबहादुर राना तथा क्षेत्र नं २ 'ख' मा नेकपा माओवादी केन्द्रका तुलाराम घर्ती 'वसन्त' ले जित हासिल गनर्द्रभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।



निर्वाचन कार्यालयका अनुसार आचार्यले आषना प्रतिस्पर्धी गठबन्धनबाट कांग्रेसका उम्मेदवार ज्ञानबहादुर गाहालाई १० हजार ८ सय ४७ मतान्तरले पराजित गर्नुभएको हो। उहाँ ३१ हजार १ सय ३ मत प्राप्त गर्दा गाहाले १० हजार ८ सय ४७ मत ल्याउनुभएको थियो। क्षेत्र नं. १ मा नेकपा एमालेका उम्मेदवार आचार्यले मत गणनाको शुरुआतदेखि नै अग्रता कायम गर्नुभएको हो। क्षेत्र नं. १ मा ५८ हजार ४ सय ९१ मत खसेको थियो। यहाँ ६ जना दलबाट र ४ जना स्वतन्त्र उम्मेदवार गरी १० जना प्रतिस्पर्धामा रहेका थिए।

त्यस्तै, क्षेत्र नं. १ 'ख' बाट प्रदेशसभामा सारुले १४ हजार २ सय ९६ मत प्राप्त गर्दा उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका शंकर खनालले ९ हजार ५ सय ५ मत प्राप्त गर्नुभएको थियो। उता, पाल्पा क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यमा गैरेले २७ हजार ८ सय १७ मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी नेकपा (एकीकृत समाजवादी)का सोमप्रसाद पाण्डेयले २३ हजार ८ सय ५१ मत प्राप्त गर्नुभयो।

पाल्पा निर्वाचन क्षेत्र नं २ 'ख' प्रदेशसभामा घर्तीले निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका ओमबहादुर घर्तीलाई ९ सय ४१ मतले पछि पार्नुभएको थियो। उहाँले १३ हजार ९ सय ९२ मत प्राप्त गर्दा ओमबहादुरले १३ हजार ५१ मत प्राप्त गर्नुभयो।

मुख्य निर्वाचन अधिकृतको कार्यालय तानसेनले सार्वजनिक गरेको मत परिणामअनुसार निर्वाचन क्षेत्र नं. २ 'क' मा रानाले १६ हजार ३९ मत प्राप्त गर्दा उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका परशुराम भट्टराईले १३ हजार ९ सय ६४ मत प्राप्त गर्नुभएको थियो।

प्रदेश सरकारमा ऊर्जा सिचाइ तथा जलस्रोतमन्त्रीसमेत रहेका राना शुरुदेखि नै अग्र स्थानमा हुनुहुन्थ्यो। राना २०७० सालको संविधानसभाको दोस्रो निर्वाचनमा प्रतिनिधिसभामा तत्कालीन क्षेत्र नम्बर २ झीनो मतबाट तत्कालीन नेकपा एमालेका उम्मेदवार सोमप्रसाद पाण्डेसँग पराजित हुनुभएको थियो भने २०७४ सालको प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट लुम्बिनी प्रदेश समानुपातिक सांसद वन्नुभएको थियो।

त्यस्तै, पाल्पा क्षेत्र नं. १ 'क' मा श्रेष्ठले १७ हजार ६ सय ४२ मत ल्याउँदा उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका श्यामकान्त खनालले १२ हजार २ सय ५२ मत प्राप्त गर्नुभयो। श्रेष्ठ रामपुर नगरपालिकाको मेयर पदमा २०७४ सालमा उम्मेदवार भई पराजित हुनुभएको थियो।

# रामेछापमा गठबन्धन दलका उम्मेदवार विजयी

**नेपाल समाचारपत्र, रामेछाप**

मंसिर ४ गते भएको प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनमा रामेछापमा गठबन्धन दलका उम्मेदवार विजयी भएका छन्। एक प्रतिनिधिसभा र दुई प्रदेशसभा रहेको रामेछापका तीन स्थानमै गठबन्धन दलका उम्मेदवार विजयी भएका हुन्।

रामेछापबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका पूर्णबहादुर तामाङ कान्छाराम विजय हुनुभएको छ। उहाँ एमाले उम्मेदवार कैलाश ढुंगेललाई १६ हजार ३ सय ६९ मतान्तरले पछि पार्दै विजय हुनुभएको हो। रामेछापमा १ लाख ८० हजार १ सय ६ मतादाता रहेकोमा ४९ दशमलव ४४ प्रतिशत मात्र मतदान भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय रामेछापले जनाएको छ।

मतदान भएको कूल मतमध्ये तामाङले ४७ हजार ९८ मत प्राप्त गर्नुभएको थियो भने उहाँका निकटतम प्रतिद्वन्द्वी ढुंगेलले ३० हजार ७ सय २९ प्राप्त गर्नुभयो। प्रदेशसभा 'क' मा माओवादी केन्द्रका तारानारायण श्रेष्ठ विजय हुनुभएको छ। 'क' मा ४१ हजार ७ सय ९६ मतदान भएकोमध्ये १७ हजार १ सय ४८ मत श्रेष्ठ प्राप्त गनुभएको थियो। उहाँका निकटतम प्रतिद्वन्द्वी एमाले उम्मेदवारले १५ हजार १ सय ५७ मत



प्राप्त गर्नुभएको थियो। राप्रपाका उम्मेदवारले ३ हजार ४ सय ९५ मत प्राप्त गर्दा नेकपा (एकीकृत समाजवादी)का उम्मेदवारलाई २ हजार ८८ मत प्राप्त भएको थियो।

त्यसै गरी, रामेछापको प्रदेशसभा 'ख' मा माओवादी केन्द्रकै युवराज चौलागाईं विजयी हुनुभएको छ। माओवादी केन्द्रका पोलिटब्युरो सदस्यसमेत रहेका चौलागाईं एमाले उम्मेदवार मिलनकुमार घिसिङलाई ४ हजार ७ सय ७३ मतले पछि पार्दै विजयी हुनुभएको हो।

कुल मतदान भएकोमध्ये २२ हजार ९ सय ७८ मत चौलागाईंले प्राप्त गर्दा निकटतम प्रतिद्वन्द्वी घिसिङले १८ हजार २ सय ७ मत प्राप्त गर्नुभएको थियो।

## सम्पादकीय

# पराजयबाट सिकौं !

संघीय प्रतिनिधिसभा र प्रदेशसभाले नेपाली कांग्रेस र नेकपा एमालेलाई अधिक मतदान गरेर जिताए पनि वास्तवमा विगतका निर्वाचनको परिणामसँग दाँजेर हेर्दा यी दुवै दलले करिब पाँच प्रतिशतले निर्वाचन हारेका छन् । उनीहरूको हार त्यति बराबर छ जति राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको मत । अर्को शब्दमा भन्नुपर्दा नेका–एमालेको पराजयको दृष्टान्त हो राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको मत । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन योगदान दिएका शक्तिहरू पराजित हुने र नयाँ शक्तिले मत पाउने अवस्थाले ठूला दललाई पाठ सिकाउनुपर्छ । यस परिणामले उनीहरूलाई परिवर्तन हुन प्रेरित गरेन भने वर्तमान शासकीय पद्धतिको पराजय हुनेछ ।

मुलुकमा राजनीतिक परिवर्तन ल्याउन योगदान दिने राजनीतिक दलका उम्मेदवारले पराजय भोगेकोमा जनतामा पनि सन्तुष्टि छैन । निर्वाचन परिणामप्रति अपेक्षित उत्साह देखिएन । मतदाता किन उत्साहित भएनन् भन्ने प्रश्नको जबाफमा ‘आफूले चाहेको चुनाव चिन्हमा भोट हाल्न नपाएपछि किन मतदानमा जाने’ भन्ने प्रतिप्रश्न फेलापरेको छ । ‘पार्टी मनपर्छ तर उम्मेदवार मनपर्दैन, सही प्रतिनिधि भएन’ कतिले यस्तो जबाफ दिए । बारम्बार परीक्षण गरिएका, आडम्वरी र असफल नेताहरूलाई नै राजनीतिक दलले उम्मेदवार बनाएका र नयाँ उम्मेदवार जनतासँग नभिजेका भएका कारण पनि मतदातामा निराशा छाएको देखिएको छ । स्वतन्त्र उम्मेदवार इमान्दार हुनसक्ने तर सरकार बनाउने हैसियत बनाउन नसक्ने भएका कारण उनीहरूले पनि मतदाताको मन जित्नसकेको पाइएन । तर नाम नै ‘स्वतन्त्र’ राखेर आएको नयाँ दल राष्ट्रिय लोकतान्त्रिक दलमा भने मतदाताको रुचि तुलनात्मक रुपमा बढी देखियो । प्रत्यक्षतर्फ मतदाताले उम्मेदवार हेरेर मत दिन पाउँछन् भने समानुपातिकतर्फ दलको चुनाव चिन्हमा मतदाताले मत हाल्नुपर्छ । स्वतन्त्र उम्मेदवारको भने समानुपातिक मत हुँदैन । मंसिर ४ को निर्वाचनमा प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष निर्वाचनतर्फ गरी कुल ५ हजार ६ सय ३६ उम्मेदवार चुनावी मैदानमा थिए । त्यसमध्ये प्रतिनिधिसभातर्फ २ हजार ४ सय १२ जना, प्रदेशसभातर्फ ३ हजार २ सय २४ जना उम्मेदवार रहेको निर्वाचन आयोगको तथ्यांकले बताउँछ । त्यस्तै प्रदेशसभा र प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ ५ हजार ९ सय ७ उम्मेदवारको नाम अन्तिम बन्द सूचीमा कायम गरिएको जनाइएको छ । प्रतिनिधिसभाको समानुपातिकतर्फ २ हजार १ सय ९९ र प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ ३ हजार ७ सय ८ जना उम्मेदवारको नाम अन्तिम बन्द सूचीमा रहेको बताइएको छ ।

यसपटकको निर्वाचनमा कुल मतदाता १ करोड ७९ लाख ८८ हजार ५ सय रहेपनि यसको करिब ६१ प्रतिशत मतदाताले मात्र मतदान गरे । राजनीतिक दलका नेता तथा कार्यकर्ताले सांगठनिक दबाबका कारण मतदान गरेतापनि उनीहरूले चारै मतपत्रमा समान चिन्ह रोजेको नहुनसक्ने अवस्था पनि यस पटक देखिएको छ । एकातिर गठबन्धन दलका कार्यकर्ताले चाहेर पनि यसो गर्न नसक्ने अवस्था रह्यो भने स्वतन्त्र मतदाताले प्रत्यक्ष र समानुपातिकमा फरक–फरक दल र व्यक्तिलाई छानेको पाइयो । जनताको यस निराशालाई बुझेर राजनीतिक दलले आफूमा समयसापेक्ष सुझाव ल्याउनु आवश्यक छ ।

# देशले नयाँ विचार खोजिरहेछ



पेशल आचार्य

पूर्वपत्रकार रवि लामिछानेको नेतृत्वमा २०७९ असोजमा दर्ता भएको राष्ट्रिय स्वतन्त्र पार्टीले संघीय र प्रान्तीय चुनावमा देशैभरि जुन हिसाबले तरङ्गका साथ घन्टी बजायो, त्यो हेर्दा अर्को पटकको चुनावमा यो दलले पुराना राष्ट्रिय पार्टीहरूका काम गर्ने तौरतरिका, भाषणबाज बूढा नेता र तिनका सुविधाभोगी कार्यकर्ताहरूको लोली बदलिएन भने देशैभरिबाट चुनावमा बढारिने पक्काजस्तै देखिएको छ। यसो भनेर यहाँ रवि लामिछानेलाई देवत्वकरण गर्न खोजिएको पक्कै होइन। उनले आफ्नो काम गराइको तौरतरिका, जनताका स-साना समस्याहरूमा उचित सम्बोधन र आम नेपालीहरूको मानसिकता बुझेर काम गर्न सके भने मात्रै उनी हिरो हुन्छन्, नत्र उनको पनि अग्रज पूर्वपत्रकार रवीन्द्र मिश्रको जस्तो ताल हुन बेर लाग्दैन।

भनिन्छ, पत्रकारहरूलाई एउटा सुविधा उनीहरूको पेसा रहुन्जेल मिल्छ। त्यो हो, उनीहरूले कहिल्यै पनि उत्तर दिनुपर्दैन। उत्तर दिनका लागि जिम्मेवारी निर्वाह गर्नुपर्छ। नतिजामुखी काम गर्नुपर्छ। विवेकशील नेपाली पार्टी स्थापना गरेर उज्ज्वल थापाहरूले जुन दुस्साहस २०७४ सालको निर्वाचनमा गरे, त्यो दुस्साहसले रवीन्द्र मिश्र २०७८ सम्ममा राजनीतिक हिरो भए। सामाजिक सञ्जालहरूमा उनी जुन आक्रामक उपस्थितिमा छाउँथे, त्यसले मानिसहरूलाई उनले अब संसद्को यात्रा तय गर्नेछन् भन्ने विश्वास दिलायो तर उनको यसपटक पनि नेपाली कांग्रेसका पुराना नेता प्रकाशमान सिंहसितै आमनेसामनेको टक्कर पर्‍यो, जसले गर्दा उनी यसपटकसमेत १७५ को मतान्तरमा चुनाव हारे।

भनिन्छ, कांग्रेस र कम्युनिस्टहरूसँग चुनावी तिकडममा सकिन्न। यो कुरा मिश्रले बुझेका थिए या थिएनन्, त्यो बाहिर आएको छैन तर उनले वैकल्पिक राजनीतिको जरोलाई जुन हिसाबले काटेर आफू अवसरवादीजस्तो भई राप्रपामा गई संसद्मा उठे, त्यो उनको निर्णय र पार्टी फेरिरहने कदमलाई राजधानीका चेतनशील जनताले मन पराएनन्। यसरी फेरि जनअनुमोदन हुन नसकी जनताबाट तिरष्कृत भए। रवीन्द्र मिश्रजस्तो बौद्धिक व्यक्तित्वको खाँचो हाम्रोजस्तो संसद्मा परिरहन्छ तर उनी संसद् जानबाट रोकिए। यसमा कतिपय अवस्थामा उनकै वैचारिक त्रुटि देखिन्छन् भने कतिपय अवस्थामा उनले चुनावलाई हाँक्न नसकेको देखिन्छ।

रवि लामिछानेको विजयको घोषलाई काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले छोटोमा लेखेका छन्- ‘चितवनमा बजेको घन्टीको आवाज यति बेला सारा विश्वले सुनेर आनन्द लिइरहेका छन्।’ गाउँघरमा एउटा भनाइ छ- ‘अरूले गीत गाएको र गोपेका बाले सुसेल्या।’ यति भनेपछि प्रस्टै बुझिन्छ कि बालेनले पनि रवि लामिछानेको पार्टीलाई समर्थन गरेका रहेछन्। यतिखेर रवि लामिछानेको नेपाली राजनीतिमा भएको आगमनलाई लिएर अनेक कोणबाट अर्थ्याइएको छ। आगे भविष्यले प्रस्ट पार्दै जाला। अहिले नै हामीले अन्दाजमा किन फुल पार्नुपर्‍यो ?

‘सिके राउत, रवि लामिछाने र प्रेम सुवालले विनागठबन्धन त्यत्रो भोट ल्याएर ठूला गठबन्धनलाई जिते। हो, त्यसै गरी जित्नुपर्नेमा साथीहरूले लज्जास्पद हार बेहोरे।’ योचाहिँ एमालेका दोस्रो र तेस्रो पुस्ताका नेताहरूका हार हेरेर भनिएको हो। जो-जो ओलीका भित्रिया थिए, ओलीलाई बा भनेर देवतासरह मान्थे, ती अपवादका रूपमा गोकुल बाँस्कोटा, विष्णु पौडेल र सूर्य थापाहरूबाहेक सबै सोत्तर भई हारे। ओली नेतृत्वको साढे तीन वर्ष सरकारमा अवसर पाएका र केही मुख्यमन्त्री हुँदा तिनीहरूले गरेका अलोकप्रिय कामका कारण जनताका दृष्टिमा दण्डनीय देखिए।

अटेरी अभियानका अभियन्ता गणेश पौडेल भन्छन्- ‘माधव काउँरेडको रोइलो सुनेर मूर्च्छा परिरा’छु ! कांग्रेसका बुतामा आएको प्रत्यक्षका १०/११ सिटको तुलनामा समानुपातिक मत देख्दा यस्तो लाग्छ, कुनै हाइवेमा पावर टेलर (ट्र्याक्टर) ले बुल डोजर तानिरहेको छ। राजनीति होस् कि जिन्दगी, हैसियतभन्दा धेरै उपलब्धि पनि लाजमर्दो हुने रै’छ !’

संघीय संसद्को प्रतिनिधिसभामा भारी अन्तरका साथ करिब आधा लाख मतले चुनाव जितिसकेपछि आफ्नो विजयपश्चात् उम्मेदवार रविले चितवनका तीन ठाउँमा धन्यवाद सभा गर्ने भए र तीनवटै स्थानमा उनले सभा गरे पनि। जसमा हजारौं हजार मानिसको सहभागिता थियो। रवि लामिछानेले धन्यवाद सभा आयोजना गर्नुपूर्व फेसबुकमा राखेको निमन्त्रणमा भनिएको थियो- ‘रानजीतिमा निर्वाचित हुनु भनेको विजयी हुनु होइन। यो त जाँच दिन जानका लागि सक्षम हुनुमात्र हो। म आजबाट जाँच दिन जाँदै छु, जसको नतिजा ५ वर्षपछि मात्र आउँछ। म जनतालाई जिताउने जाँच दिन जाँदै छु, त्यसैले म अहिले नै विजय ज्याली गर्न चाहन्न। मैले गर्ने ‘धन्यवाद सभा’मा यहाँ आउँदा कृपया मेरा लागि फूल, माला, अबिर र खादा केही नल्याउनुहोला। म आजबाटै काम थाल्दै छु। मेरो सभा हुने ठाउँमा दुईवटा बाकस हुनेछन्। एउटा बाकसमा ‘समस्या पेटिका’ लेखिएको हुनेछ। त्यसमा तपाईंका समस्या लेखेर खसाउनुहोला। अर्को बाकसमा ‘उजुरी र सुझाव पेटिका’ लेखिएको हुनेछ। त्यसमा, भ्रष्टाचारीका सूचना, मैले गर्नुपर्ने काम, मलाई खबरदारी लेखेर खसाउनुहोला। माला, अबिर र खादामा हामीले गरेको खर्च प्रायः सबै विदेश जान्छ। केही ल्याउनै मन भए आफ्नै आँगन या बाटोको एक थुँगो फूल भए मलाई पुग्छ। म छिटोभन्दा छिटो काममा लाग्न चाहन्छु। भोट माग्न, ज्याली गर्न आउन नभ्याएका ठाउँमा म काम गर्न आउँछु।’ जनताको मन छुने हिसाबले लेखिएका यी कोमल पदावलीले हरेक मतदाताको मनलाई प्रफुल्लित नपारी रहन सक्दैन। यो हो नि जनताको मन जित्ने काइदा !

> रवि लामिछानेले धन्यवाद सभा आयोजना गर्नुपूर्व फेसबुकमा राखेको निमन्त्रणमा भनिएको थियो- ‘रानजीतिमा निर्वाचित हुनु भनेको विजयी हुनु होइन। यो त जाँच दिन जानका लागि सक्षम हुनुमात्र हो। म आजबाट जाँच दिन जाँदै छु, जसको नतिजा ५ वर्षपछि मात्र आउँछ। म जनतालाई जिताउने जाँच दिन जाँदै छु, त्यसैले म अहिले नै विजय ज्याली गर्न चाहन्न।

विश्लेषक डम्बर खतिवडा चुनावलाई विश्लेषण गर्दै सारगर्भित शब्दमा लेख्छन्- ‘चुनावमा जुनसुकै पार्टीले जितून्। जीतको उन्मादमा लोकतन्त्र, गणतन्त्र, संघवाद, समावेशिता, सामाजिक न्याय, धार्मिक स्वतन्त्रता, समतामूलक समृद्धि र विश्वमानवताविरुद्ध उभिने दुस्साहस गरे ती दुई दिनका पाहुनामात्रै हुनेछन्। यी सिद्धान्त तहत डेलिभरीको प्रयत्न गर, तल-माथि गरे खरानी हुने हौ। दलहरू निःसन्देह अलोकप्रिय छन् -अहिले। तिनको अक्षमता र अलोकप्रियताको मूल्यमा यी मान्यता जनताले छोड्दैनन्। ज्ञानेन्द्र शाहले असोज १८ र माघ १९ मा ठीक यस्तै गल्ती गरे। दलहरू अलोकप्रिय त्यतिखेर पनि थिए तर स्थिति कसरी केही महिनामै उल्टियो, यो कसैले नबिर्सनु राम्रो। दलहरूको अलोकप्रियता, नेताहरूको अक्षमता र लोकतन्त्रका विश्वव्यापी मूल्य मान्यतामा बडबढ गरे- जनताले कसैलाई छाड्दैनन्। राणा, शाह, पञ्च फालेका जनता हुन्- अरू कसको के कुरा ?’

लेखक हरि अधिकारी निर्वाचन र नयाँबारे भन्छन्- ‘धमाधम आइरहेको चुनाव परिणामबाट म सन्तुष्ट छु। मतदान पूर्वसन्ध्यामा मैले फेसबुकबाटै विजयको अग्रिम शुभकामना दिएका प्रतिनिधिसभाका ३४ जना उम्मेदवारहरूमध्ये अधिकांशले जिते। यसपटक ललितपुर-१ का उदयशमशेर राणा, जाजरकोटका राजीवविक्रम शाह, ओखलढुङ्गाका रामहरि खतिवडा र सिन्धुपाल्चोक-२ का मोहनबहादुर बस्नेतले पाएको जनसमर्थनलाई म विशेष उल्लेख्य ठान्दछु। यी चारैजनाले आफ्नो जिल्लाका जनताको भलाइका लागि जुन लगनका साथ काम गरेका थिए यिनीहरूले अहिले हारेका भए यिनीहरूमाथि अन्याय हुने थियो। झापा-१ का विश्वप्रकाश शर्मालाई पनि त्यस क्षेत्रका जनताले यसअघि गर्नुपर्ने जति माया गर्न सकेका थिएनन्, यसपल्ट गरे खुशी लाग्यो। यसपटक शुभकामना निस्फल भएकाहरूमा उल्लेख्य रहे मेरा मित्र बागी एमाले घनश्याम भुसाल र गाउँले भाइ कांग्रेस नेता शिव हुमागाईं। विवेकशील पार्टीका मिलन पाण्डेले पनि जितून् भन्ने कामना गर्‍या थिएँ, त्यो असफल रह्यो। चुनावमा जीतको कामना सफल हुने सम्भावना जहिल्यै ५० प्रतिशत रहने हुँदा ती तीन प्रियजनको पराजयलाई मैले सहज लिएको छु।’

यसपटकको चुनावी परिणामले एमाले अध्यक्ष केपी ओलीको घमण्डलाई चुरचुर पारिदियो। धमाधम आइरहेको नतिजाले प्रतिनिधिसभाका २७५ मध्ये १५० स्थानमा जित्ने भनी उनले धेरैपटक दोहोर्‍याएर गरेको दाबीलाई पूरै हावादारी साबित गरिदिएको छ भने संसद्को गणित अनुसार एमाले दोस्रो हुने देखियो। यतिमात्र होइन, निर्वाचनका माध्यमबाट तानाशाह बन्ने ओलीजीको सर्वसत्तावादी मनसुवालाई अन्धभक्तिको हावा दिएर उफानमा ल्याइदिने ईश्वर पोखरेल, शङ्कर पोखरेल, प्रदीप ज्ञवाली, महेश बस्नेत, सुरेन्द्र पाण्डे, विशाल भट्टराई, राजन भट्टराई, लेखराज भट्ट, शान्ता चौधरी र भानुभक्त ढकालजस्ता उनको ग्याङका बडे-छोटे भारदारहरूले चुनावी अखडामा धूलो चाटेका छन्। खेदको विषय, ओलीले बनाएको गोलोका कुख्यात काला अरिङ्गालहरूमध्ये विष्णु पौडेल, सूर्य थापा र गोकुल बाँस्कोटा भने जसोतसो चुनाव जितेका छन्। नेपाली काग्रेसबाट उम्मेदवार भई जितेकामध्ये जाँगरिला र क्षमतावान् जति लगभग सबैलाई जिताएर जनताले त्यस पार्टीको संसदीय दलको नेतृत्व परिवर्तन गर्ने जनाउ दिए। यो मर्मलाई अँगालेर वृद्ध नेता शेरबहादुर देउवाले संसदीय दलको नेतापद रामचन्द्र पौडेल, शेखर कोइराला र गगन थापामध्ये एकजनाका हातमा सुम्पिनु कांग्रेस र देशकै हितमा हुनेछ। पाँचपटक प्रधानमन्त्री भएका देउवाले यसपटक पनि संसदीय दलको नेता बनेर कुनै नयाँ उपलब्धि हासिल गर्ने पनि त होइनन् !

विवादास्पद चरित्र भएका रवि लामेछानेले खोलेको राष्ट्रिय स्वतन्त्र पार्टीले अचानक ठूलो सफलता हासिल गरेर संसदीय आम चुनावलाई रङ्गारङ्ग बनाइदियो। पुराना दलका नेताहरूका कुकृत्यका कारण हतास मनस्थितिमा रहेका जनताले परिवर्तनको हुट्हुटीले दपेटिएर नै किन नहोस् रविमाथि अथाह भरोसा गरे। लोकतन्त्रमा विश्वास राख्ने व्यक्तिका रूपमा म जनताको एउटा उल्लेख्य समूहले भरोसा गरेका स्वतन्त्र पार्टीका अध्यक्ष रविलाई सन्देहको लाभ दिन्छु। मलाई थाहा छ, रविको सोच र नियतको वास्तविक परीक्षण निकट भविष्यमा जब सरकार बन्ने एजेन्डामा दलहरूका बीच तानातानी शुरु हुन्छ त्यति बेला हुनेछ। त्यति बेलासम्म पर्खिनेछु। चुनावले राप्रपाको जर्जर भइसकेको कायामा जीवनरस प्रवाह गरिदिएको छ। अध्यक्ष राजेन्द्र लिङ्देनलाई बधाइ छ। मधेस प्रदेशका विवेकशील मतदाताहरूले उपेन्द्र यादव, राजेन्द्र महतो, लक्ष्मणलाल कर्ण, अनील झा आदि मधेसका स्वयम्भू महिसाहरूलाई उनीहरूको औकात देखाइदिए। जनतालाई सधैं-सधैं छक्याइरहन सकिँदैन भन्ने उक्ति चरितार्थ भयो २०७९ सालमा आएर त्यहाँ। सुदूर पश्चिमको नयाँ मुलुकतिर भने नितान्त नश्लवादी चरित्र भएको नागरिक उन्मुक्ति नामक पार्टीले जनअनुमोदन पायो, जसले शुभ संकेत गर्दैन। यसरी देशले यो चुनावमार्फत नयाँ अनुहार खोजिरहेको कुरा सर्वविदितै छ।

## पाठक पत्र

### आरोपकै भरमा अपराधी ?

वि.सं. २०७४ मा टीकापुर निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरी अहिले पनि जेलमै छन्। २०७२ सालमा नेपाल संविधान बन्दा टीकापुरमा भएको आन्दोलनमा प्रहरीलाई मारियो। घटना घट्ने बेला चौधरी त्यहाँ नभएको बताइन्छ। चौधरीले बारम्बार उक्त आन्दोलनमा आफू सरिक नभएको र प्रहरीलाई आफूले नमारेको बताउँदै आएका छन्। तर, सरकारले उनलाई समात्यो। राज्यबाट पाउनुपर्ने सेवासुविधा आफूले पनि पाउनुपर्ने र टीकापुरमा पनि विकास हुनुपर्ने जनताको माग थियो। विकास नहुँदा टीकापुरका जनता पछि परेको भन्दै त्यहाँ आन्दोलन शुरु भएको थियो। आफ्ना मागहरू संविधानमा उल्लेख हुनुपर्ने भन्दै जनता सडकमा उत्रिए। राजनीतिक तवरबाट गरिएको आन्दोलन पछि हिंसामा परिणत भयो।

उक्त आन्दोलनमा परेर प्रहरी र भर्खरैको शिशु मरेपछि सरकारले चौधरीलाई नियन्त्रणमा लियो। चौधरीले दिएको बयान अनुसार उक्त आन्दोलनमा उनको सहभागिता छैन। जनता र प्रहरीबीच दोहोरो भीडन्त चल्दा अप्रिय घटना घटेको उनको भनाइ छ। २००७ देखि २०७९ सालसम्म आइपुग्दा धेरै आन्दोलन भए। नेकपा माओवादीको जनयुद्ध, मधेसी दल, नेपाली कांग्रेस, नेकपा एमालेमा भएका नेताहरूले मान्छे मारेका छन्। माओवादीको जनयुद्धमा पनि कति नेपाली मरे ? मधेस आन्दोलनमा परेर कति सीधासाधी जनताले ज्यान गुमाए ? एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि मान्छे मारेका छन्। त्यसो भए त यी सबै नेताहरू अहिले जेलमा हुनुपर्ने हो। उनीहरूले मान्छे मार्दा राजनीतिक आन्दोलन भनियो र चौधरीको चाँहि व्यक्तिगत आन्दोलन बनाइयो। अदालतले चौधरीलाई आजीवन कैद सजाय सुनाइसकेको छ।

घटना घटेपछि चौधरी भूमिगत गएका थिए। अरुको माध्यमबाट उनले आफ्नो उम्मेदवारी दर्ता गराए। घरघरमा भोट माग्न नगईकन टीकापुरका जनताले उनलाई विजयी गराए। चौधरीले उठाएको मुद्दा टीकापुरको जनताका लागि भएको यहाँबाट त स्पष्ट भयो। सो मुद्दा व्यक्तिगत नभई टीकापुर जनताको मुद्दा रहेछ भन्ने प्रमाणित भयो। २०७४ सालमा चुनाव जितेपछि चौधरी आफैं अदालतमा उपस्थित भए।

उनले कानुनको सामु आत्मसर्मपण गरे। तर, अदालतले राजनीतिक घटनालाई व्यक्तिगत स्वार्थ भनेर जन्मकैद फैसला सुनाइदियो। चौधरी अहिले जेलमा छन्। उनी जेलबाट ननिस्किए पनि राजनीतिमा उनी सक्रिय छन्। सजाय काटिरहेका उनीमाथि जनताको कति विश्वास छ ? भन्ने अहिलेको निर्वाचनमा प्रस्ट भइसकेको छ। उनकी श्रीमती र बुबालाई भारी मत दिएर विजयी गराए।

चौधरीलाई आरोपकै भरमा सरकारले जेलमा कोचेको छ। यदि आरोपकै भरमा जेलमा कोच्ने हो भने अन्य किन बाहिर छन् ? ओलीमाथि झापामा मान्छे मारेको आरोप छ। प्रचण्डमाथि १७ हजार नेपाली जनता मारेको आरोप छ। रवि लामिछानेमाथि पनि आत्महत्या गर्न बाध्य बनाएको आरोप छ। पत्रकार शालिग्राम पुडासैनीलाई मर्न'पर्ने बाध्यता बनाएको आरोप त रविमाथि लागेको छ। मधेसी दललाई कसले समात्ने ? उपेन्द्र यादवलगायत अन्य मधेसी नेताहरू किन बाहिर घुमिरहेका छन् ? मधेसी आन्दोलनमा उपेन्द्रले छुरा रोपेर एकै ठाउँमा दुई दर्जन मान्छे मारेका छन्। नेपाली कांग्रेसका सांसदसमेत रहेका आलममाथि पनि इँट्टाभट्टामा मान्छे हालेर पोलेको आरोप छ। उनले पनि सजाय काटिरहेका छन्। कुनैलाई आरोप मात्र लाग्दा थुन्ने र कुनैको केसमा प्रमाण हुँदा अदालतले छोड्ने ?

अहिले अदालतमाथि नै जनताले प्रश्न उठाएका छन्। ओली, प्रचण्ड, यादव, रवि सबै अपराधी हुन् नि ? किनकि यिनीहरूले पनि मान्छे मारेका छन्। चौधरी, आलम जेल बस्नुपर्दा यिनीचाहिँ बस्न नपर्ने ? अदालतले कसैलाई काखा, कसैलाई पाखा गर्न मिल्छ ? सिके राउत, विप्लवलगायतले पनि मान्छे मारेका छन्। तर, उनीहरूलाई त सरकारले सफाइ दियो।

सिके राउत अहिले संसद्मा चुनिएका छन्। सरकारले राजनीतिक घटनाक्रम बताउँदै छुट दियो। तर, उनीहरूले पनि मान्छे त मारेका हुन् नि। यदि सबैलाई छुट दिने हो भने चौधरी र आलम अहिले किन जेलमा छन् ? सरकारले उनीहरूले मान्छे मारेको देखेको छ ? सरकारसँग केही प्रमाण छ, उनीहरूलाई सजाय सुनाउन। प्रचण्डले टुँडिखेलमा खुल्लारुपमा आफूले १७ हजार नभई पाँच हजार मान्छे मारेको बताएका थिए। प्रचण्ड, यादव, विप्लव, राउत, ओलीले मान्छे मार्दाचाँहि राष्ट्रका लागि भनिने अनि जनताको आन्दोलन समर्थन गरेकै भरमा कसैलाई जेलमा कोच्न मिल्छ ?

मान्छे मारेका व्यक्तिहरू झन्डावाल गाडी चढेर हिँडेका छन्। सरकारी सेवासुविधा लिएका छन् तर चौधरी जेल छन्। उनलाई पनि छोडिदिनुपर्‍यो। चौधरीसँग टीकापुरका जनता थिए तर उनीसँग पहुँच भएन। न देशभरका जनता उनको पक्षमा उत्रिए। चौधरीलाई छोड्नुपर्छ भनेर टीकापुरका जनताले आवाज उठाए तर समर्थन गर्न देशभरका जनता भएनन्। रवि लामिछानेले आफूलाई मर्न बाध्य बनाएको शालिग्रामले त भिडियो नै बनाएका थिए। प्रमाण हुँदाहुँदै पनि सरकारले उनलाई छुट दियो, किनकि उनको पक्षमा देशभरका जनता कुर्लिए। चौधरीले प्रहरीलाई मारेको भिडियो सरकारसँग छ त ? चौधरी हत्यारा हुन् भन्ने कुनै प्रमाण छ ? चौधरीलाई नखाएको विष लाग्यो।

पञ्चायती कालमा कांग्रेसले पनि कति मान्छे मारेको होला ? राजनीतिक परिवर्तन गर्न मान्छे मारेको भन्दै उनीहरू जेलबाट निस्किए। राजतन्त्रको विरोधमा आन्दोलन हुँदा कति नेपालीले ज्यान फालेका छन्। राजतन्त्र फाल्न १९ दिने आन्दोलन भयो। त्यतिखेर पनि धेरैले ज्यान गुमाए। २०६२-६३ सालमा नेताहरूकै अगुवाइमा भएको आन्दोलनमा परेर त्यत्रो नेपाली मरे।

नेताहरूले सडकमा नउतारेको भए त्यत्रो नेपालीले ज्यान गुमाउनुपर्दैनथ्यो होला। हिजो जति नेपालीको ज्यान गएको छ, यसको जिम्मा त नेताहरूले लिनुपर्छ। हिजो जनतालाई सडकमा उतारेर मार्ने त नेताहरू नै हुन्। कानुन त्यति नै चोखो छ भने सबै नेताहरूलाई जेलमा लगेर कोच्नुपर्छ। चौधरीमात्र किन जेल बस्ने ? उनले आफ्नो व्यक्तिगत फाइदाका लागि मान्छे मारेका होइनन्। जनताको आवाज उठाउँदा आजीवन कैद सजाय भोग्नुपर्‍यो। चौधरीलाई एक्लो बनाएर सरकारले उनको कुरा सुनेन। जनताले भोट दिए तर उनी संसद् छिर्न पाएनन्। जनताको आवाज उठाउँदा उनले आफ्नो जिन्दगी समाप्त गर्न'पर्‍यो। उनको जीवन जेलमै सकिन्छ। जनताको माग राख्दा यत्रो सजाय भोग्नुपर्छ भन्ने कसैले सोचेका पनि थिएनन् होला। चौधरीले हतियार प्रयोग गरेर प्रहरी र शिशु मारेको प्रमाण त अदालतसँग छैन।

न प्रहरी प्रशासनले उनले नै मारेको भनी साबित गर्न सक्छ। आन्दोलन समर्थन गरेकै भरमा उनीमाथि प्रहरीले आरोप लगायो। अदालतले जन्मकैदको सजाय सुनायो। तर, रविको मुद्दामा प्रमाण हुँदाहुँदै प्रहरी प्रशासनले अनदेखा गर्‍यो। पुडासैनीले रुँदै तयार गरेको भिडियोलाई अदालत र प्रहरी प्रशासनले प्रमाण मानेन। रविले सफाइ पाए। अदालतले निर्दोषलाई कसरी फसाउँदो रहेछ र दोषीलाई कसरी उम्काउँदो रहेछ, छर्लङ्ग भइसकेको छ।

नेपालको कानुनमाथि अब जनताले विश्वास गर्छन् ? प्रमाणबेगर चौधरीलाई फसाइएको छ। जनताले तिरेको करबाट प्रहरी प्रशासन र न्यायाधीशले तलबभत्ता खाइरहनु उचित छैन। सीधासाधी जनतालाई एउटा मुद्दा लगाएर फसाइदिने, प्रमाण हुँदाहुँदै दोषीलाई उम्काइदिने। टीकापुरका जनताले चौधरीलाई दिएको भोट खेर गयो। उनी जेलबाट बाहिर निस्किएनन्, जनताको आवाज उठाउनबाट वञ्चित छन्।

पुडासैनीले आरोप लगाएका व्यक्ति अब संसद् छिर्दै छन्। माओवादी नेता कृष्ण महराले जेलबाट निस्कँदा भनेका थिए, ‘८० प्रतिशत मान्छे आरोपकै भरमा जेलमा छन्। गल्ती नै नगरेका जनता अदालत र प्रहरीको कारण जेलजीवन बिताइरहेका छन्।’ अदालतसँग आँट छ भने प्रचण्ड, ओली, रवि, सिके, उपेन्द्र, विप्लवलाई समातेर जेल हाल्नुपर्‍यो। उनीहरूलाई किन खुल्ला छोड्ने ? कानुन सबैलाई सराबरी हुन्छ। एउटालाई लाग्ने, अर्कोलाई नलाग्ने पनि कानुन हुन्छ ?

पहुँच, पैसा र पावर भएकाले जे गर्दा पनि हुने, अनि सीधासाधी जनताले चाहिँ गल्ती नै नगरीकन आरोपको भरमा सजाय भोग्नुपर्‍यो। चौधरीले राजनीति गर्दा उनी कानुनको आँखामा अपराधी हुने तर अरुचाहिँ कानुनका लागि निर्दोष भएका छन्। अरु मान्छे मारेर नेता भए, चौधरी आरोपकै भरमा जेल बसे।

**– अनुसा थापा, भक्तपुर**

# समानुपातिकतर्फ भक्तपुरमा नेमकिपा पहिलो

**भक्तपुर, (नेस)**

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा समानुपातिकतर्फ भक्तपुरमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) पहिलो दल बनेको छ। प्राप्त मतका आधारमा नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चौंथो ठूलो दल बनेको छ। त्यसै गरी नेकपा एमाले दोस्रो ठूलो दल बन्दा नेपाली कांग्रेस भने तेस्रो शक्ति बनेको छ।

प्रतिनिधि सभाका दुई वटा निर्वाचन क्षेत्र रहेको भक्तपुरमा नेमकिपाले क्षेत्र नं.१बाट ३२ हजार ९०४ र क्षेत्र नं.२बाट ७ हजार ८६३ मत प्राप्त गर्दै कुल ४० हजार ७६७ मतका साथ पहिलो दल बनेको हो।

यस्तै, प्रदेश सभामा एक सदस्य मात्र जितेको नेकपा एमालेले समानुपातिकतर्फ २६ हजार ७० मत प्राप्त गरी जिल्लामा दोस्रो ठूलो दल बनेको छ। एमालेले क्षेत्र नं. १ बाट ८ हजार १९४ र क्षेत्र नं. २ बाट १७ हजार ८७६ मत प्राप्त गरेको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भीमबहादुर बिसीले बताउनुभयो।

त्यसै गरी नेपाली कांग्रेसले २३ हजार ७६९ र रास्वपाले २३ हजार ६ मत ल्याई क्रमशः तेस्रो र चौथो दल बनेका छन्। कांग्रेसले क्षेत्र नं. १ बाट ८ हजार ८७५ र क्षेत्र नं. २ बाट १४ हजार ८९४ मत प्राप्त गरेको बिसीले जानकारी दिनुभयो। रास्वपाले क्षेत्र नं. १ बाट ११हजार ११० र क्षेत्र नं. २ बाट ११ हजार ८९६ मत प्राप्त गरेको छ। यस्तै राप्रपा ११ हजार ३९२ मतका साथ पाँचौं ठूलो दल बनेको छ। उसले क्षेत्र नं. १ बाट ५ हजार ९०३ र क्षेत्र नं. २ बाट ५ हजार ४८९ मत प्राप्त गरेको छ।

नेकपा माओवादी केन्द्रले क्षेत्र नं. १ बाट एक हजार ३६७ र क्षेत्र नं. २ बाट ४ हजार ९८ मत प्राप्त गरी कुल ५ हजार ४८९ सहित छैटौं दल बनेको छ भने नेकपा एकीकृत समाजवादीले कुल २ हजार १५२ मत प्राप्त गरेको छ।

# ‘कोभिडपछि श्रम बजारमा परिवर्तन’

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपालमा भर्खरै मात्र सम्पन्न निर्वाचन र मतपरिणामको अन्तिम चरणमा पुगिरहेका बेला दक्षिण एसियाली मुलुकमा कोभिड-१९ ले श्रमका क्षेत्रमा आ-आफ्ना मुलुकमा पारेको असरबारे छलफल भएको छ।

अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा काठमाडौंमा आयोजना गरिएको एक कार्यक्रममा दक्षिण एसियाका रोजगारदाता, ट्रेड युनियन र सरकारका प्रतिनिधिहरूले कोभिड-१९ ले कार्यस्थल र रोजगारीको स्थितिमा पारेको प्रभावका सम्बन्धमा छलफल गरिरहँदा नेपालका अर्थविज्ञहरूको पनि सहभागिता रहेको थियो।

‘बिल्डिङ रेजिलियन्स फर फ्युचर अफ वर्क एन्ड पोस्ट कोभिड-१९’ विषयमा आयोजित कार्यक्रममा दक्षिण एसियाका नेपाललगायत बंगलादेश, भारत र पाकिस्तानका रोजगारदाता, ट्रेड युनियन र सरकारका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको रोजगारदाता परिषद्का सभापति एवम् उपाध्यक्ष रामचन्द्र संघाईले कोभिड महामारीपछि श्रम बजार परिवर्तन आएको र नयाँ चुनौती थपिएको विषयमा जोड दिनुभयो। उहाँले यी चुनौतीहरूको सामना गर्न सार्क मुलुकका साथै आ-आफ्ना मुलुकका योजना तर्जुमा तथा नीति नियममा समेत ध्यान दिई थप प्रयास हुनुपर्ने आवश्यकता रहेको कुरा औंल्याउनुभयो।

‘भौगोलिक रूपमा हामी दक्षिण एसियाली देशहरू एकअर्कासँग नजिक छौं। अनुभव आदानप्रदानका लागि विभिन्न माध्यम र संयन्त्र छन्। दक्षिण एसियाली रोजगारदाता मञ्च (साफी) तीमध्ये एक हो,’ साफी अध्यक्षसमेत रहनुभएका संघाईले भन्नुभयो- ‘साफीलाई हाम्रो पारस्परिक हित र सहयोगको लागि अझ प्रभावकारी रूपमा परिचालन गर्नेतर्फ हाम्रो साझा प्रयास आवश्यक छ।’

उक्त छलफल कार्यक्रममा आईएलओका देशीय निर्देशक डा. रिचार्ड हवार्ड, आईएलओ दिल्लीका वरिष्ठ विशेषज्ञ रवि पेरिस, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव, आईएलओ काठमाडौं र दिल्ली अफिसका वरिष्ठ विज्ञहरू, सार्क ट्रेड युनियन कांग्रेसका महासचिव लक्ष्मण बस्नेतले समेत दक्षिण एसियाली मुलुकमा कोभिड १९ ले पारेको स्वास्थ्य समस्या र रोजगारीमा परेको असरका बारेमा औंल्याएका थिए।

२५ नोभेम्बर २०२२ सम्म- विश्वभर ६३ करोड ६० लाख ८९ हजार ५ सय ८७ जना मानिसहरू कोभिड १९ बाट प्रभावित भएका छन्। करिब ६६ लाख ४ हजार ७ सय ४ जनाको ज्यान गएको विश्व स्वास्थ्य संगठनले अध्यावधिक गरेको तथ्यांकमा उल्लेख गरिएको छ। जसमा सार्क क्षेत्र विश्वको जनसंख्याको २१ प्रतिशतभन्दा बढी जनसंख्या रहेका मुलुक हुन् र विश्वको जनसंख्याको दाँजोमा कोभिड-१९ मा कमजोर राष्ट्र पनि हुन्। सार्क सदस्य राष्ट्रहरूले ५ करोड ४ लाख ५ हजार ३ सय ९२ संक्रमितको रिपोर्ट गरेकोमा सार्क क्षेत्रमा कुल ६ लाख २७ हजार ६ सय ४६ जनाको मृत्यु भएको र ४ करोड ९७ लाख ७ हजार २ सय ६७ जना निको भएको उल्लेख गरिएको छ।

# बैतडीमा एमाले विजयी

**बैतडी, (नेस)**

बैतडीबाट प्रतिनिधि सभा सदस्यको निर्वाचनमा नेकपा एमालेका दामोदर भण्डारी विजयी हुनुभएको छ। अन्तिम मतपरिणामअनुसार भण्डारीले नेकपा माओवादी केन्द्रका नरेन्द्र कुँवर (विजयसुन्दर) एक हजार पाँच सय ३१ मतले पछि पार्दै जित हात पार्नुभएको छ।

भण्डारीले ३३ हजार छ सय ११ मत ल्याउँदा कुँवरले ३२ हजार ९० मत मात्रै प्राप्त गर्नुभयो। प्रतिनिधिसभाका लागि एकमात्रै क्षेत्र रहेको बैतडीमा ७७ हजार चारसय ६० मत खसेकोमा चारहजार नौसय ६२ मत बदर भएका मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुले बताउनुभयो।

विजयी हुनुभएका भण्डारीको यो तेस्रो तथा ह्याट्रिक जित हो। यसअघि २०७०, २०७४ सालको निर्वाचनमा पनि विजयी हुनुभएको थियो। एमालेका सुदूरपश्चिम प्रदेश अध्यक्षसमेत रहनुभएका भण्डारी पूर्वअर्थराज्यमन्त्रीसमेत हुनुहुन्छ।

यसैबीच प्रदेश सभा क्षेत्रनम्बर (१) मा एमालेका उम्मेदवार सुरेन्द्र पाल विजयी हुनुभएको छ। अन्तिम मतपरिणामअनुसार स्वतन्त्र उम्मेदवार हरिमोहन भण्डारीलाई एक हजार आठ सय १३ मतले पछि पार्दै पाल विजयी हुनुभएको हो। पालले १२ हजार आठ ३१ मत प्राप्त गर्नुभयो भने भण्डारीले ११ हजार १८ मत प्राप्त गर्नुभयो। तेस्रो स्थानमा रहनुभएका नेपाली कांग्रेसका वीरबहादुर विष्टले १० हजार नौ सय ५३ मत ल्याउनुभयो।

## प्रत्यक्षतर्फ...

दलहरूले टिकट दिएका अधिकांश क्षेत्रहरूमा महिला नेताहरूले प्रतिष्पर्धी पुरुष उम्मेदवारसँग भिड्नुपर्दा हार बेहोर्नुपरेको यो निर्वाचनले देखाएको छ। दलको तर्फबाट प्रत्यक्ष निर्वाचनका लगि टिकट पाउनै मुस्किल परेको र टिकट लिएर निर्वाचन क्षेत्रमा गइसकेकपछि समेत समाजले अझै महिलालाई नेतृत्व तहमा पुऱ्याउनुपर्छ भनेर स्वीकार गरिनसकेको अवस्था देखिएकाे नेपाली कांग्रेसकी केन्द्रीय सदस्य प्रतिमा गौतमले बताउनुभयो।

पार्टीभित्रै पनि महिलालाई चुनाव जिताउँदा उनीहरू हरेक निर्णय प्रक्रियामा शशक्त हुन्छन् भन्ने डरले पुरुष नेताहरूले महिलालाई खुलेर सहयोग नगर्ने गरेको उहाँको भनाइ छ। ‘पहिला त महिलालई टिकछ नै दिइँदैन’, गौतमले नेपाल समाचारपत्रसँग भन्नुभयो, ‘टिकट दिइसकेपछि पनि चुनाव जिताउन पार्टीकै जिम्मेवार साथीहरूले महिलालाई खुलेर सहयोग गर्न नसकेको अवस्था देखिएको छ। यसलाई हामीले समाजमा अझै पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आइनसकेको र सहज रूपमा महिलाको नेतृत्व स्वीकार नगरेको अवस्थाका रूपमा हेर्न सकिन्छ।’

संसद्मा महिलाको संख्या एक तिहाइ पुऱ्याउन प्रत्यक्ष निर्वाचन प्रणलीमै धेरै महिला उम्मेदवार बनाएर महिला महिला नै प्रतिष्पर्धा गराउनुपर्ने महिला नेताहरू बताउँछन्। बल्लतल्ल टिकट पाएका महिला नेताहरूले पार्टीभित्रै आन्तरिक व्यवस्थापन मिलाउन नसक्दा पनि हार्नुपरेको उनीहरूको गुनासो छ। मकवानपुरमा सत्ता गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसकी नेता महालक्ष्मी उपाध्याय (डिना) ले आन्तरिक व्यवस्थापन मिलाउन नसक्दा हार्नुपरेको छ। त्यहाँ चुनावी परिणामपछि कांग्रेसभित्रै दुई समूहमा विभाजित भएर पत्रकार सम्मेलन गर्न थालेका छन्। पत्रकार सम्मेलन गर्दै अन्तरघात भएकाले त्यसको गम्भीर समीक्षा हुने पार्टी सहमहामन्त्रीसमेत रहनुभएकी उम्मेदवार उपाध्यायले प्रतिक्रिया दिनुभएको छ।

समग्रमा प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ कम महिला निर्वाचित हुँदा एकातिर संसद्मा महिला प्रतिनिधित्व विगतभन्दा पनि कमजोर हुने भएको छ भने अर्कोतिर समानुपातिकतर्फ सीमान्तकृत समुदायका पुरुषले समेत अवसर नपाउने सम्भावना बढेको छ। विद्यमान संवैधानिक व्यवस्था र भर्खरै आएको निर्वाचन परिणामले समानुपातिक बन्द सूचीमा १ नम्बरमा परेका पुरुषहरूलाई समेत संसद्मा जानबाट छेक्न सक्ने आँकलन गरिएको छ। यसले संसद्मा अन्य समुदायको समानुपातिक प्रतिनिधित्वमा समेत नहुने सम्भावना बढेको संविधानविदहरू बताउँछन्। जनताको सार्वभौम संसद्मा समानुपातिक समावेशी सिद्धान्तअनुसार सबै क्लस्टरको प्रतिनिधित्व गराउन दलहरूले महिलाहरूलाई प्रत्यक्षमै बढी जोड दिनुपर्ने र समानुपातिकमा सीमान्तकृत समुदायका उम्मेदवारहरूलाई प्राथमिकतामा राख्नुपर्ने उनीहरूको सुझाव छ।

## ७ दिन...

‘जुन मतदाता हो, त्यसले भोट हाल्न पाउनुपऱ्यो। वास्तविक मतदाताले भोट हाल्न पाएनन्’ -उहाँको गुनासो थियो। अर्यालले चापाकोटमा अनुपस्थित मतदाताको नाममा पनि भोट हालिएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- ‘विदेश हुने र मरेको मानिसको पनि भोट हालिएको छ। यसले स्याङ्जाको शिर झुकेको छ। लोकतन्त्रको उपहास भएको छ। त्यसैले विधिसम्मत् चुनाव गराइयोस्।’

## सरकारी...

मेयरसहितका वडाध्यक्षसँग बसेर मदिरा सेवन गरेका अधिकृत आचार्य र वडानम्बर १ का वडाध्यक्ष ओझाबीच विवाद भएको थियो। पुराना बखेडा झिकेपछि प्रशासकीय अधिकृत आचार्यले अध्यक्षलाई अपशब्द बोलेको र सबैले सम्झाउँदा नमानेपछि तोडफोड भएको बताइएको छ।

आफ्नै क्वाटरमा बोलाएर गाली गरेपछि ओझाले आक्रोशमा आएर टेबलमा खुट्टा बजार्दै तोडफोड गरेको प्रहरीले जनाएको छ। तर, अधिकृत आचार्यले भने मेयर रावतले वडाध्यक्षलाई घोचपेच गरेपछि टेबुल फोडेको बताउनुभयो। आफूले चित्त नबुझेका केही कुरा मेयरलाई सोधेको र त्यसपछि विवाद भएको उहाँको जिकिर छ। विवादका क्रममा हातपात भने नभएको प्रहरीको दाबी छ।

त्यहाँ विवाद हुनुअघि हाकिम र १ का अध्यक्षले बियर, मेयर र ७ का अध्यक्षले भोड्का खाएको बताइएको छ। अन्य २ अध्यक्षले भने मदिरा सेवन नगरेको बताएका छन्। उक्त पार्टीमा मेयर रावत, १ का अध्यक्ष घनश्याम ओझा, ४ का अध्यक्ष भरत शाही ७ का जुगराम चौधरी र १२ का वडाध्यक्ष रामदुलारी चौधरी पनि सहभागी थिए।

### नगरपालिकामा तालाबन्दी

तोडफोडको घटनापछि आइतबार बिहान घोडाघोडी नगरपालिकामा तालाबन्दी गरिएको छ। मदिरा सेवन गरेर तोडफोड गरेको भन्दै नेपाल कम्युनिस्ट पार्टीले नगरपालिकामा तालाबन्दी गरेको हो।

कार्यपालिका बैठक चलिरहेका बेला तालाबन्दी गरेपछि कर्मचारी र जनप्रतिनिधि भित्रै थुनिएका छन्। मादक पदार्थ सेवन गरी सरकारी क्वाटरमा तोडफोड गरेकोलगायत ४ बुँदे माग राख्दै तालाबन्दी गरिएको नेपाल कम्युनिस्ट पार्टीले जनाएको छ। गिट्टी बालुवा टेन्डर नगरी मनोमानी गरेको, त्यसबापत रकम असुल गरेको, नगरपालिकामा भ्रष्टाचार बढाएको लगायतका नेपाल कम्युनिस्ट पार्टीका आरोप छन्। तालाबन्दीपछि कार्यायल बाहिर नाराबाजीसमेत भएको छ।

यता, नगरपालिकाकी उप-प्रमुख गुलिया चौधरीले भने आपसी खानपिनपछि विवाद भएको बताउनुभयो। अहिले सोही बारेमा छलफल चलिरहेको उहाँले बताउनुभयो।


Province Government
GandakiProvince
Ministry of Physical Infrastructure, Urban Development and Transport Management
Infrastructure Development Directorate

**Infrastructure Development Office, Kaski**

**Invitation for Electronic Bids**

Date of publication: 2079-08-12 (28thNovember, 2022) ***First Time Published)***

The Infrastructure Development Office, Pokhara, Kaski invites *electronic* bids for Construction of following works under NCB Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid with the required documents within the mentioned period as stated in Bidding Document.

| S N | Contract No. | Description of Work | Bid Security (NRs) | Bid Document Fee (NRs) | Estimated Amount (With VAT and PS) (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDOKASKI/W/R/SQ/ 211/079/80 | Upgrading / Construction of Bhim Marga, PMC-11 | 65,000 | 1,000 | 2414953.60 |
| 2 | IDOKASKI/W/R/NCB /208/079/80 | Pokhara Bishwabidhyalaya Sadak Dhaulagiri Chowk Dekhi Bakery Samma ko Sadak Nirman, PMC-29 | 75,000 | 3,000 | 2897740.32 |
| 3 | IDOKASKI/W/R/SQ/ 20/079/80 | Upgrading / Construction of i) Kahu Khola Arba Mauja Sadak Dhalan ii) Arba Mauja Kulayan Marga Dekhi Gaira Bari Madidip Sadak Dhalan | 50,000 | 1,000 | 1931108.74 |
| 4 | IDOKASKI/W/R/NCB /114/079/80 | Upgradation/Construction of (1)Amarsiddha Chowk dekhi Thadokhoriya hudai Kimbesi jane Bato,(2)Amarsiddha School dekhi Thado Khoriya Sadak,(3)Amarsahid Chowk dekhi Thadhokhoriya hudaiKimpobi bato Combine Package(2), Pokhara-31 | 87,500 | 3,000 | 3330826.28 |
| 5 | IDOKASKI/W/R/SQ/ 115/079/80 | Upgrading/Construction of Pipaldali Hudai Pusphalal Adhyayan Kendra Hudai Khorchyang Faprchhare Samma ko sadak, Pokhara-21 | 40,000 | 1,000 | 1448076.81 |
| 6 | IDOKASKI/W/R/SQ/ 116/079/80 | Upgrading/Construction of (1)Himali Tole Marga Sadak,(2) Himali Marga Sadak (Combine Pacakge(3), Pokhara-26,kaski | 50,000 | 1,000 | 1911300.11 |
| 7 | IDOKASKI/W/NCB/ R/301/079/080 | Construction and Upgradation of Dhobikhola Sangam Chwok and Falate dekhi pumdikot jane sadak, Pokhara-22, Kaski | 100,000 | 3,000 | 3863457.96 |
| 8 | IDOKASKI/W/NCB/ R/302/079/080 | Construction/Upgradation of Belghari Shivahri Madir Samudahik Bhawan Samma Road, Pokhara-17, Kaski | 100,000 | 3,000 | 3861696.07 |
| 9 | IDOKASKI/W/SQ/ R/303/079/080 | Construction and Upgradation of Gairabari Lauruk Harpyang Motarbato Sadak, Pokhara-24, Kaski | 25,000 | 1,000 | 964860.47 |
| 10 | IDOKASKI/W/SQ/R/ 304/079/080 | Construction and Upgradation of Guntechour Dudheri dekhi Maidan krishi Sadak, Pokhara -24, Kaski | 37,500 | 1,000 | 1440428.93 |
| 11 | IDOKASKI/W/NCB/ R/305/079/080 | Construction and Upgradation of Dhuwarkot Bakrek Gramin Sadak, Pokhara-24, Kaski | 100,000 | 3,000 | 3861420.92 |
| 12 | IDOKASKI/W/NCB/ R/306/079/080 | Construction and Upgradation of Bhattrai Poultry Farm Dekhi Purba Tarfa Kolabari Samma Naali Nirman, Pokhara-7, Kaski | 25,000 | 1,000 | 965348.42 |
| 13 | IDOKASKI/W/SQ/R/ 307/079/080 | Construction and Upgradation of Machhapuchre Bhitri Sadak Nirman Tatha Marmat Yojana, Pokhara-07, Kaski | 50,000 | 1,000 | 1927168.93 |
| 14 | IDOKASKI/W/R/ SQ/412/079-080 | Construction / Upgrading of Bharati Dekhi Dadha Hudai Tallakot sadak | 50,000 | 1,000 | 1,932,113.89 |
| 15 | IDOKASKI/W/ /R/NCB/413/079-080 | Construction / Upgrading of Seti Nadiji Bhirma Tarbar Ra Foottrack Nirman | 75,000 | 3,000 | 29,32000.00 |
| 16 | IDOKASKI/W/R/ SQ/414/079-080 | Upgrading/Construction of Prakritik Shrot Bewasthan College jane Sadak | 50,000 | 1,000 | 1,926,271.68 |
| 17 | IDOKASKI/W/R/ SQ/410/079-080 | Upgrading/Construction of Nayabazar Mijure Posi Sadak | 70,000 | 1,000 | 2,486,044.00 |
| 18 | IDOKASKI/W/ /R/NCB/408/079-080 | Upgrading/Construction of Mulpani jhare Sadak | 100,000 | 3,000 | 3,988,218.00 |
| 19 | IDOKASKI/W/ /R/SQ/409/079-080 | Upgrading/Construction of Mugre Gorge Mijure Sadak | 55,000 | 1,000 | 1,927,202.00 |
| 20 | IDOKASKI/W/ /R/NCB/411/079-080 | Upgrading/Construction of Bagawati Lamtari sadak | 100,000 | 3,000 | 3,988,218.00 |
| 21 | IDOKASKI/W/R/ NCB/114/079/80 | Upgradation/Construction of (1)Amarsiddha Chowk dakhi Thadokhoriya hudae kimbesi jane bato,(2)Amarsiddha School dakhi Thado khoriya sadak,(3)Amarsahid Chowk dakhi Thadhikhoriya hudae kimpobi bato Combine Pacakge(2 | 87,500 | 3,000 | 3,330,826.28 |
| 22 | IDOKASKI/W/R/SQ/ 116/079/80 | Upgrading/Construction of (1)Himali Tole Marga Sadak,(2) Himali Marga Sadak (Combine Pacakge(3), Pokhara-26,kaski | 40,000 | 1,000 | 1,911,300.11 |
| 23 | IDOKASKI/W/R/SQ/ 117/079/80 | Chisapani Falbhanjyang Road. | 50,000 | 1,000 | 2,414,929.73 |
| 24 | IDOKASKI/NCB/W/ R/118/079/80 | Begnaas Bhorletaar Road. | 3,40,000 | 3,000 | 13,493,335.47 |
| 25 | IDOKASKI/W/R/SQ/ 115/079/80 | Upgrading/Construction of Pipaldali Hudae Pusphalal Adyan Kendra Hudae Khorchyang Faprchare Samma ko sadak | 40,000 | 1,000 | 1,448,076.81 |

| S. N. | Contract No. | Description of Work | Avg. Annual Construction Turnover(NRs.) | Bid Security (NRs) | Bid Document Fee (NRs) | Specific Experience Requirement |
|---|---|---|---|---|---|---|
| 26 | IDOKASKI/W/R/NCB/ 118/079/80 | Construction/Upgrading of Sahari Sadak Sanjal , PMC-20 | 50M | 1.25M | 5,000 | As Stated in section III of EQC of Bid Doc (Re-Tender) |
| 27 | IDOKASKI/W/R/NCB/ 07/079/80 | Construction/Upgrading of Kahu-Fulbari-Ranipauwa Ringroad PMC-11 | 50M | 1.25M | 5,000 | |



Tribhuvan University
**GARAMANI CAMPUS**
Birtamod-9, Jhapa
Province No.1, Nepal
Estd-2070

**आर्थिक प्रस्ताव सम्वन्धमा (सच्याइएको सूचना)**

उपरोक्त विषयमा यस क्याम्पसको कार्यलयबाट मिति २०७९ साल असोज ४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आव्हान समवन्धी सूचना (Single Stage Two Envelope) अनुसार (PPMO) को E- Procurrement portal मा दर्ता हुन आएका वोलपत्रहरु मध्ये प्राविधिक प्रस्ताव मुल्यांकनमा निम्न अनुसारको वोलपत्रदाताहरुले प्राविधिक प्रस्तावका शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल वोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९।०८।१८ गते दिनको १ बजे यस कार्यलयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) तथा ६ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

| S.N | ठेक्का | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल वोलपत्रहरु |
|---|---|---|---|
| 1. | Campus -01-2079/080 | Construction of campus RCC building | 1. KD Construcation, Pokhara, Kaski |
| | | | 2. Marga Devi Nirman Sewa Pvt. Ltd., Bhaktapur, Nepal |
| | | | 3. Sagarmatha / KanKai / Om Unnaati JV |
| | | | 4. P. and G. Construction Pvt. Ltd., Bhadrapur, Jhapa |

# मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा

## बैंक तथा वित्तीय संस्थाका स्प्रेडदर घट्यो

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूको औसत ब्याजदर अन्तर (स्प्रेडदर) ४ दशमलव ४ प्रतिशतबाट ४ प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको औसत ब्याजदर अन्तर ५ प्रतिशतबाट ४ दशमलव ६ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

चालू आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गर्दै केन्द्रीय बैंकले औसत ब्याजदर अन्तरको सिमालाई घटाएकको हो।

सो नीतिका कारण बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको ब्याजदर तय गर्दा लिने प्रिमियम दर घट्न गई कर्जाको ब्याजदरमा समेत सन्तुलन आउने अपेक्षा राष्ट्र बैंकको छ। राष्ट्र बैंकले प्रिमियमसम्बन्धी व्यवस्थाको नियमित अनुगमनसमेत गर्ने भएको छ। ञखत्यस्तै लघुवित्त वित्तीय संस्थाले आगामी माघदेखि आधारदर मासिक रूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेकोछ। साथै तोकिएको कर्जा-निक्षेप अनुपात नपुगेमा बैंक तथा वित्तीय संस्थालाई लाग्ने जरिवानालाई तरलता जोखिममा समेत आधारित हुने गरी पुनरावलोकन गर्नेछ। कार्यान्वयनमा रहेको चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई प्राप्त सुझावका आधारमा सम्बोधन गरिने राष्ट्र बैंकले जनाएको छ।

तरलतामा देखिएको दबाबलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा कर्जा प्रवाह नगरेमा २०८० असार मसान्तको आधारमा २०८० पुसदेखि हर्जाना गणना गर्ने व्यवस्था मिलाइने जनानएको छ। त्यस्तै राष्ट्र बैंकले अनिवार्य नगद अनुपात ४ प्रतिशत र बैंक दरलाई ८ दशमलव ५ प्रतिशतमा यथावत राखेको छ।

कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीहरूले दोस्रो बजारमा जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई राष्ट्र बैंकले उक्त क्षेत्रमा न्यूनतम कर्जा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाउने व्यवस्था मौद्रिक नीतिमा गरिएको छ।

वाणिज्य बैंकहरूको औसत आधार दर असोजमा १० दशमलव ३४ प्रतिशत पुगेको छ। गत वर्ष असोजमा यस्तो दर ७ दशमलव ५७ प्रतिशत रहेको थियो। साथै असोजमा निक्षेपको भारित औसत ब्याजदर ८ दशमलव १६ प्रतिशत पुगेको छ। गत वर्षको असोजमा यस्तो ब्याजदर ५ दशमलव ४३ प्रतिशत रहेको थियो। त्यसैगरी, असोजमा कर्जाको भारित औसत ब्याजदर १२ दशमलव १९ प्रतिशत पुगेको छ। २०७८ असोजमा यस्तो ब्याजदर ८ दशमलव ६९ प्रतिशत रहेकोथियो। ब्याजदर बढेको भएता पनि मुद्रास्फीति समायोजन गरेपछिको वास्तविक ब्याजदर भने २०७८ असोजको तुलनामा २०७९ असोजमा घटेको राष्ट्र बैंकको भनाइ छ। २०७८ असोजमा निक्षेपको भारित औसत वास्तविक ब्याजदर १ दशमलव १९ प्रतिशत र कर्जाको भारित औसत वास्तविक ब्याजदर ४ दशमलव ४५ प्रतिशत रहेकोमा २०७९ असोजमा निक्षेपको भारित औसत वास्तविक ब्याजदर ० दशमलव ३४ प्रतिशतले ऋणात्मक रहेको छ भने कर्जाको भारित औसत वास्तविक ब्याजदर ३ दशमलव ६९ प्रतिशत रहेको छ।

यसैगरी वाणिज्य बैंकले २०७९ असोजसम्ममा कृषि क्षेत्रमा ५१९ अर्ब ५७ करोड ( १२ दशमलव ३८ प्रतिशत), ऊर्जा क्षेत्रमा २४५ अर्ब ९ करोड ( ५ दशमलव ८४ प्रतिशत), र लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा १ करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रूपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत गरी ३९८ अर्ब २१ करोड (९ दशमलव ४९ प्रतिशत) प्रवाह गरेको राष्ट्र बैंकले जनाएको छ।

केन्द्रीय बैंका अनुसार विकास बैंकहरूले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीको १९ प्रतिशत कर्जा कृषि, लघु, घरेलुतथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७९ असोज मसान्तमा उक्त क्षेत्रहरूमा औसत २६ दशमलव ११ प्रतिशत अर्थात ११३ अर्ब ८० करोड कर्जा लगानीमा रहेकोछ। त्यसैगरी, वित्त कम्पनीहरूले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीको १४ प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७९ असोज मसान्तमा उक्त क्षेत्रहरूमा औसत २१ दशमलव २२ प्रतिशत अर्थात १८ अर्ब ३७ करोड कर्जा लगानीमा रहेको छ। बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कुल कर्जा सापटको न्यूनतम ५ प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७९ असोज मसान्तमा वाणिज्य बैंकहरूको औसत ६ दशमलव ७ प्रतिशत, विकास बैंकहरूको ११ दशमलव ५ प्रतिशत र वित्त कम्पनीहरूको ७ दशमलव ४ प्रतिशत कर्जा विपन्न वर्गमा लगानीमा रहेको छ।

बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपंक्षी, मत्स्यपालन, निर्यातजन्य र शत प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग, हस्तकला तथा सीपमूलक व्यवसाय एवम् उद्यम व्यवसाय संचालनका लागि २ करोडसम्मको कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम नेपाल राष्ट्र बैंकले २ प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्न पाउने व्यवस्था कार्यान्वयनमा ल्याउने भएकोछ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशित मिति २०७९/०८/१२)

काल सिंह राईको नाति, रितु मान राईको छोरा, भोजपुर जिल्ला, कोट गा.वि.स. वडा नं. ८ बस्ने सुर्ज बहादुर राई (ना.प.नं. ६४५२/११३६/७९, जि.प्र.का. भोजपुरबाट मिति २०४५/११/१९ मा जारी) ले यस बैंकको भोजपुर शाखामा बचत खाता नं ८९२२५२४७४७३१४०११ संचालन गर्दै आउनु भएकोमा निज खातावाल सुर्ज बहादुर राईको मिति २०७९/०५/०८ मा निधन भएकोले यस बैंकमा रहेको बचत खाताको रकम भुक्तानि पाउँ भनि निज मृतकको श्रीमती पुन्य सिला राईले मिति २०७९/०७/३० मा निवेदन दिएको हुँदा निज खातावालाको यस बैंकमा रहेको उक्त बचत खातामा भएको रकममा अरु कसैको हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिम अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ-आफ्नो भएको सबुद प्रमाणसहित यस बैंकमा हकदावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, भोजपुर

**अपिहिमाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खण्डेश्वरी, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०८/११**

अपिहिमाल गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९/०६/३१ गतेको बैठकको निर्णय अनुसार आ.व. २०७९/०८० को वार्षिक कार्यक्रमअन्तर्गत देहाय बमोजिम निर्माण कार्य गर्नुपर्ने हुँदा ईच्छुक योग्य बोलपत्रदाताहरुबाट निम्न शर्तको अधीनमा रहि शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | ठेक्का नं. | योजनाको नाम | ला.अ. रकम (भ्याट र कन्टिन्जेन्सि बाहेक) | बोलपत्र जमानत | बोलपत्र दस्तुर | बोलपत्र मान्य हुने अवधी | बोलपत्र जमानतको मान्य अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | ०१-०७९/०८० | अपिहिमाल चौकीबगर देखि नौगाड जोड्ने सडक निर्माण योजना | २११३५४५.८७/- | ६३,०००/- | १०००/- | ४५ दिन | ७५ दिन |
| ४. | ०२-०७९/०८० | वडा नं. १ वडा कार्यालय भवन निर्माण कार्य | २३,७५,३१८.००/- | ७१,०००/- | ३०००/- | ९० दिन | १२० दिन |

१. बोलपत्र फाराम र सोसँग सम्बन्धित Specification यो सूचना प्रकाशित भएको मितिले अपिहिमाल चौकीबगरदेखि नौगाड जोड्ने सडक निर्माण योजनाको १५औ दिन (२०७९ मङ्सिर २५ गते) र वडा न. १ वडा कार्यालय भवन निर्माण कार्यको ३०औ दिन (२०७९ पुस ११ गते) सम्म ईच्छुक फर्म/कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कालो सूचिमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरी रु. १०/- को टिकट टाँसी कार्यालय समयमा यस गा.पा.को कार्यालय खण्डेश्वरी, दार्चुलाबाट माथि उल्लेखित बोलपत्र दस्तुर रकम (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र फाराम माथि उल्लेखित मिति र समयमा उपस्थित बोलपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको (बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि) रहोवरमा यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्र पेश गर्दा माथि उल्लेखित रकम बराबरको नेपाल सरकारबाट "क" वर्गको बैंकबाट बोलपत्र पेश गर्ने मितिबाट बोलपत्र जमानतको मान्य अवधी माथि उल्लेखित बमोजिमको म्याद रहेको हुनुपर्ने र सम्बन्धित योजनाको नामको बोलपत्र जमानत (बिडबन्ड) संलग्न हुनुपर्ने छ अथवा उक्त रकम माछापुच्छ्रे बैंक, धरौटी खाता नं. १००१५२४७५९६२८०४६ ग-३ मा जम्मा गरी जम्मा गरेको सक्कल प्रति बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्रमा दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

५. रित नपुगेका, म्याद नाघि वा शर्त राखि पेश भएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

६. प्रचलित ऐन, नियमअनुसार लाग्ने सम्पूर्ण कर बोलपत्रदाता आफैंले व्यहोर्नु पर्नेछ ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गा.पा. को कार्यालयमा निहित हुनेछ ।

८. बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना प्रकाशित मितिले अपिहिमाल चौकीबगरदेखि नौगाड जोड्ने सडक निर्माण योजनाको १५औ दिन (२०७९ मङ्सिर २५ गते) र वडा नं. १ वडा कार्यालय भवन निर्माण कार्यको ३०औ दिन (२०७९ पुस ११ गते) भित्र गरिसक्नु पर्ने छ ।

९. बोलपत्र पेश गर्ने मिति, समय र स्थान: प्रथम पटक सूचना प्रकाशित मितिले अपिहिमाल चौकीबगरदेखि नौगाड जोड्ने सडक निर्माण योजनाको १६औ दिन (२०७९ मङ्सिर २६ गते) र वडा नं. १ वडा कार्यालय भवन निर्माण कार्यको ३१औ दिन (२०७९ पुस १२ गते) दिनको १२ बजे भित्र, अपिहिमाल गाँउपालिकाको कार्यालय खण्डेश्वरी, दार्चुला ।

१०. बोलपत्र खोल्ने समय: प्रथम पटक सूचना प्रकाशित मितिले अपिहिमाल चौकीबगरदेखि नौगाड जोड्ने सडक निर्माण योजनाको १७औं दिन (२०७९ मङ्सिर २६ गते) र वडा नं. १ वडा कार्यालय भवन निर्माण कार्यको ३१औ दिन (२०७९ पुस १२ गते) दिनको २ बजे ।

११. बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समय र स्थानमा कायम हुनेछ ।

१२. यस सूचनामा उल्लेखित भएका कुराहरु यसै सूचना बमोजिम र सूचनामा उल्लेख नभएका कुरा प्रचलित ऐन नियमानुसार हुनेछ ।

१३. थप जानकारीका लागि अपिहिमाल गा.पा., खण्डेश्वरी, दार्चुलामा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय

**सडक डिभिजन, धनकुटा**

**धरौटी रकम फिर्ता लिन आउने सम्बन्धी सूचना**

प्रकाशित मिति: २०७९/०८/१२

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ मा धरौटी रकम फिर्ता लिने/दिने व्यवस्था छ। उक्त नियम ६६ बमोजिम फिर्ता नभई यस डिभिजन कार्यालयमा रहेको प्रयोजन समाप्त भईसकेका पुराना तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ (१) बमोजिम राजस्वमा दाखिला गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र फिर्ता लिन आउन हुन नियमावली, २०७७ को नियम ६७ (२) बमोजिम सम्बन्धित सबै निर्माण व्यवसायीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, नियमावली, २०७७ को नियम ६७ (१) बमोजिम उक्त धरौटी रकम राजस्व खातामा दाखिला गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| सि.नं | निर्माण व्यवसायीको नाम र ठेगाना | धरौटी रकम रु. | सि.नं | निर्माण व्यवसायीको नाम र ठेगाना | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १. | शेर्पा/भालुखोप निर्माण सेवा जे.भी, खाँदबारी | ४३,४३२.९४ | ५५. | अनु निर्माण सेवा, भोजपुर | १२९,७०७.७३ |
| २. | प्रेधी चारिङ्गमे कन्स्ट्रक्सन, धनकुटा | २२५,३८९.१० | ५६. | लुङ्गदाङ्ग निर्माण सेवा, धनकुटा | ४७,२०१.८८ |
| ३. | सक्रान्ति लिहिढुंगा दोपर नामिन्ता बतासे डाँडा सडक उ स | ४२,२७८.०० | ५७. | माउण्ट हिम शिखर कन्स्ट्रक्सन कं. प्रा.लि., काठमाडौं | ४,९०३.९८ |
| ४. | न्यू कोशी हिल्स कन्स्ट्रक्सन, तेह्रथुम | १३,८३२.०० | ५८. | धनकुटा खानेपानी उ स | ३,८२०.०० |
| ५. | आठराई चुहानडाँडा मोटरबाटो उ स | ४६,४०७.८६ | ५९. | कोशी कन्स्ट्रक्सन | ६,२७८.४० |
| ६. | धर्मदेवी सप्लायर्स, धनकुटा | २१,११६.०० | ६०. | नाम नामेसी नखुलेको धरौटी | ६१,७०२.४२ |
| ७. | पोखुवा निर्माण सेवा, भोजपुर | ७२,५१५.८५ | ६१. | चुलिवन निर्माण सेवा, धनकुटा | २१,०८२.०० |
| ८. | बिजय निर्माण सेवा, भोजपुर | २,६२२.०० | ६२. | भागिरथी निर्माण सेवा | २४,४१२.५६ |
| ९. | लामा कन्स्ट्रक्सन | १५१,९९५.४९ | ६३. | डि.एम.एस/मारुती जे.भी., फिदिम | ३४,७४७.५३ |
| १०. | चांदनि निर्माण सेवा, ईनरुवा | ८,४२८.०० | ६४. | एरोमा कन्स्ट्रक्सन प्रा. लि., काठमाडौं | ५७८,०८६.२४ |
| ११. | श्रीपाली निर्माण सेवा, तेह्रथुम | ४,१९७.९४ | ६५. | टीका देवान | ०.२१ |
| १२. | एस एस निर्माण सेवा | १३,३३५.३९ | ६६. | मांगहिम घण्टे पञ्चकन्या सक्रान्तिबजार सडक उ स | ३३,३०९.०० |
| १३. | खानेपानी तथा सरसफाई समिति | १६,६८३.४५ | ६७. | बुद्ध निर्माण सेवा, भोजपुर | २५६,७७९.४६ |
| १४. | पदम निर्माण सेवा, म्याङलुङ | ७,७५०.६८ | ६८. | श्रीजुङ्ग पौठाक पोक्लावाङ्ग सिम्राहा सडक उ स | ४२,८००.०० |
| १५. | शुभकामना निर्माण सेवा, धनकुटा | ३८,४८२.०० | ६९. | निशान कन्स्ट्रक्सन, पाख्रिबास | १५१,७५४.०० |
| १६. | श्री गणेश निर्माण सेवा, धनकुटा | ११८,४८२.७२ | ७०. | सुजता निर्माण सेवा, आठराई, तेह्रथुम | १००,६८६.४१ |
| १७. | कावेली निर्माण सेवा, काठमाडौं | २२,९२१.०० | ७१. | गोर्खा सि डब्लु ई बोखिम | १,१८८,८३७.६८ |
| १८. | एस.पि.एण्ड साहा कन्स्ट्रक्सन, धनकुटा | १४१,६७३.३० | ७२. | भारती संभावित जे. भी. | ३६,७८३.७८ |
| १९. | आठराई सक्रान्ति फूलबारी हाङ्गपाङ्ग दोभान सडक उ स | ४१,८६०.०० | ७३. | यू पसल भन्ज्याङ्ग पूर्णेडाँडा बजार घोडेटार सडक उ स | ३३,३३०.०० |
| २०. | यु. डि. विल्डर्स कम्पनी प्रा.लि., भोजपुर | १७३,२९१.५९ | ७४. | लामा विल्डर्स | ६५,०००.०० |
| २१. | एस जि निर्माण सेवा | २५,८४२.६० | ७५. | जोशी निर्माण सेवा, धनकुटा | २८,०४२.०० |
| २२. | एस एन एस सेवा | ६,०००.०० | ७६. | राजभण्डारी सप्लायर्स | ७,३६५.८२ |
| २३. | पुष्कर निर्माण सेवा, लालीगुराँस | ९२,५१६.८५ | ७७. | सुबास निर्माण सेवा, धनकुटा | ३७,४४६.६५ |
| २४. | राधा कृष्ण,आकृती जे.भी., खाँदबारी | ५३,१८३.१९ | ७८. | कान्छा राम. कन्स्ट्रक्सन कम्पनी प्रा. लि., काठमाडौं | ४९२,३१२.०० |
| २५. | नेपिकन | ५,७४१.१० | ७९. | पाथीभरा कंकृट इण्डष्ट्रिज प्रा.लि., मोरङ | ११,७१२.०० |
| २६. | गंगा जमुना निर्माण सेवा, धनकुटा | २२१,४९८.३२ | ८०. | मधुगंगा रैका निर्माण सेवा, धनकुटा | २३५,४७२.४४ |
| २७. | सन्देश कन्स्ट्रक्सन, विराटनगर | १३८,८४३.३० | ८१. | लाबरबोटे बुढीमोरङ्ग ग्रामीण सडक उ स | ३२,६१७.३५ |
| २८. | रानीवन निर्माण सेवा, धनकुटा | ८,३८९.५२ | ८२. | ह्युदी चाम्लिङ्ग निर्माण सेवा, धनकुटा | १०,२७५.०० |
| २९. | पाख्रिबास मुगा घोडेटार सडक उ स | ४८,८२७.०० | ८३. | भेडेटार खानेपानी उपभोक्ता समिति | १,७५०.०० |
| ३०. | बोखिम इवा ह्वाकु सडक उ स | ४१,८७०.०० | ८४. | बस्नेत निर्माण सेवा, काठमाडौं | २९०,४८७.५० |
| ३१. | चिर्खुवा कुलुङ्ग दिङ्ला मोटरबाटो सडक निर्माण उस | ३३,२९४.०० | ८५. | विराट कन्स्ट्रक्सन कम्पनी प्रा.लि., काठमाडौं | ९३,३८४.४४ |
| ३२. | भिमसेन निर्माण सेवा, भोजपुर | १४,०१५.७० | ८६. | मुगा निर्माण सेवा, धनकुटा | ०.१० |
| ३३. | वि टि लाइट जे भी | २६,५९७.०० | ८७. | गौरीशंकर लुंगेली निर्माण सेवा | ४४,०००.०० |
| ३४. | राराहाङ्ग निर्माण सेवा, ईलाम | ९,९८२.८३ | ८८. | आर.सि.निर्माण सेवा, भोजपुर | १२,४९८.०० |
| ३५. | एजिला कन्स्ट्रक्सन | ९,६१६.९७ | ८९. | जोशी निर्माण सेवा, म्याङलुङ | ९२,७८७.९३ |
| ३६. | टेकु नाला निर्माण सेवा, धनकुटा | १६१,२९३.२१ | ९०. | हरि हरि निर्माण सेवा प्रा.लि., काठमाडौं | ३०६,०१८.१४ |
| ३७. | सुवी कन्स्ट्रक्सन | १०,०८०.८२ | ९१. | भालुखोप निर्माण सेवा, तेह्रथुम | १२,५२९.०० |
| ३८. | एपेक्स । सफल जे.भी., काठमाडौं | ७११,३१७.०० | ९२. | हिम्डुङ एण्ड थोकर कन्सट्रक्सन प्रा.लि., काठमाडौं | ०.०२ |
| ३९. | हिराचन बोखिम एण्ड सं स | १,१२०,९४६.३० | ९३. | ओम जम्वियोङ्ग कन्स्ट्रक्सन, काठमाडौं | ७१,६९२.२७ |
| ४०. | पाण्डुकेश्वर निर्माण सेवा प्रा.लि., हेटौडा | २७०,६६१.०० | ९४. | कोमल निर्माण सेवा, म्याङलुङ | ४७,८५०.७६ |
| ४१. | श्रीपाली, जोशी जे.भी. निर्माण सेवा, धनकुटा | ७१,६६६.४४ | ९५. | श्याम कन्स्ट्रक्सन, पाख्रिबास | ४४,५८७.०० |
| ४२. | खिम्डुङ/मारुति जे.भी., भोजपुर | ७६,१४३.२० | ९६. | चिर्खुवा खोला कुलुङ सडक निर्माण उ स | ३२,८५०.०० |
| ४३. | मधुगंगा रैका–पञ्चकन्यादेवी जे.भी, धनकुटा | ९,९७१.०० | ९७. | केवल निर्माण सेवा, तेह्रथुम | २९०,८७९.३९ |
| ४४. | प्रकाश बोखिम एण्ड सं स | १७२,४५६.९४ | ९८. | सिधुवा नसिबोट आदिम हम्मरजुङ शनिश्चरे सडक उ स | ११,३४४.६४ |
| ४५. | गुफापोखरी ह्वाकु सिंगापुर सडक उ स | ३२,५८०.०० | ९९. | अखण्ड भ्याली हाईड्रोपावर | १२,५८२.९८ |
| ४६. | विजेन निर्माण सेवा, धरान | ३,०००.०० | १००. | हरीशंकर कन्स्ट्रक्शन, लाहान | ६,१७०.३८ |
| ४७. | तामाङ्गगाउँ बोखिम होडा टुँडिखेल सडक उ स | ३२,६०४.०० | १०१. | हेम निर्माण सेवा | १,९३८.५७ |
| ४८. | निमगढी निर्माण सेवा | १३,५४९.९९ | १०२. | हिले भिरगाउँ तांखुवा मोटरबाटो उ स | ७४,२४२.२४ |
| ४९. | के एन निर्माण सेवा | ९७५.४० | १०३. | रुपटार सिरान नसुवाघाट सिक्रेटार ढुंगेकट्टी उ स | ४२,८३३.०० |
| ५०. | गौरी कन्स्ट्रक्सन | ६९,५५१.१८ | १०४. | एभरेष्ट निर्माण सेवा | ३२,२१४.८३ |
| ५१. | नागी खाँबा सडक उपभोक्ता समिति | ३२,६१९.०० | १०५. | न्यु सुमन निर्माण सेवा | ९८,६८१.१२ |
| ५२. | लामा / खम्पाचे / ए.डि. जे.भी., काठमाडौं | १,४८०,९८०.१४ | १०६. | मन्जु निर्माण सेवा, ईनरुवा | ४,२१४.०० |
| ५३. | सर्वउद्धार सगरमाथा जे. भी., काठमाडौं | ३५६,८२१.०६ | १०७. | सिम्लेश्वर/बस्नेत ब्रदर्श विल्डर्स जे.भी., काठमाडौं | ६५,१७८.८९ |
| ५४. | पोखरे कालिका निर्माण सेवा, भोजपुर | ६४,४३१.७३ | | | |

***नोट: धरौटी फिर्ता लिन आउँदा संलग्न गर्नुपर्ने कागजातहरु:-***

१. निवेदन २. फर्म दर्ता खुल्ने कागजात ३. करचुक्ता प्रमाणपत्र (आ.व. २०७८/७९ को) ४. ठेक्का सम्झौता ५. मु.अ.कर समायोजन पत्र

***उपभोक्ता समितिको हकमा,*** १. निवेदन २. उपभोक्ता समिति गठनको निर्णय ३. कार्यालयसँगको सम्झौता पत्र ४. प्राविधिक मूल्यांकन र काम सम्मन्न भएको उपभोक्ता समितिको निर्णय ५. धरौटी जम्मा गरेको बैंक भौचर ६. बैंक खाता नम्बर (निर्माण व्यवसायी र उ.समिति दुबै)

*डिभिजन प्रमुख*

# कोस्टारिकासँग हार्‍यो जापान

**दोहा, (एजेन्सी)**

कतारमा जारी फिफा विश्वकप फुटबलमा कोस्टारिकाले जापानलाई हराएको छ।

अहमेद बिन अलि स्टेडियममा आइतबार भएको खेलमा कोस्टारिकाले जापानलाई १-० गोलअन्तरले हराएको हो। कोस्टारिकाको जितमा केयसेर फुलेरले निर्णायक गोल गरे। उनले खेलको ८१औं मिनेटमा गोल गरेका थिए।

कोस्टारिकाको यो पहिलो जित हो। जितसँगै कोस्टारिकाले नकआउट चरणमा पुग्ने सम्भावना जीवितै राख्यो। पहिलो खेलमा कोस्टारिका स्पेनसँग पराजित भएको थियो। कोस्टारिका दुई खेलमा तीन अंक जोडेर समूह 'ई' को तेस्रो स्थानमा रहेको छ। जापानको यो पहिलो हार हो। जापानले पहिलो खेलमा जर्मनीलाई हराएको थियो। जापान दुई खेलमा ३ अंक जोडेर दोस्रो स्थानमा रहेको छ।



### अर्जेन्टिना ३ अंक जोड्न सफल

अर्जेन्टिनाले पनि कतारमा जारी फिफा विश्वकप २०२२ अन्तर्गत समूह चरणको दोस्रो खेलमा जित निकाल्दै तीन अंक जोड्यो। शनिबार राति भएको खेलमा मेक्सिकोलाई पराजित गर्दै अर्जेन्टिनाले तीन अंक जोड्न सफल भएको हो। दोस्रो हाफमा कप्तान लिओनेल मेसी र एन्जो फर्नान्डेजले गरेको गोलमा अर्जेन्टिनाले २-० को जित हासिल गरेको हो। लुसेल रंगशालामा भएको पहिलो हाफमा अर्जेन्टिनाले सोचेजस्तो प्रदर्शन गर्न सकेन। मेक्सिकोविरुद्ध काउन्टर अट्याककै भरमा रहेको अर्जेन्टिनाले डिफेन्समा पनि दबाब खेप्नुपरेको थियो। दोस्रो हाफमा भने मिडफिल्ड र विंगब्याकमा परिवर्तनपछि अर्जेन्टिना खेलमा फर्कियो। कप्तान मेसीले गोल गरेपछि संयमित प्रदर्शन गर्दै अघि बढेको अर्जेन्टिनाले खेलको अन्त्यतिर दोस्रो गोल थप्दै नकआउट चरण पुग्ने समीकरण आफ्नै पकडमा राखेको हो।

अर्जेन्टिनाका लागि खेलको ६४औं मिनेटमा मेस्सीले सुरुवाती गोल गरेका थिए। पेनाल्टी क्षेत्र बाहिरबाट मेसीले गरेको प्रहार डिफेन्डरलाई डिफ्लेक्ट हुँदै गोलमा परिणत भएको थियो। गोलरक्षक गोलेर्मे ओचोआले सही दिशामा डाइभ दिए पनि उनी बलसम्म पुग्न सकेनन्। मेक्सिको बराबरी गोलको खोजीमा लगातार आक्रमण गरिरहँदा अर्जेन्टिनाले ८७औं मिनेटमा दोस्रो गोल थप्यो। बेन्चबाट मैदान पस्दै मिडफिल्ड चलायमान बनाएका एन्जो फर्नान्डेजले सुन्दर गोल गर्दै अर्जेन्टिनाको जित पक्का गरे। उनले मेसीको पासलाई पेनाल्टी क्षेत्रभित्र लिएपछि डिफेन्डरलाई छक्याएर गरेको प्रहारलाई गोलरक्षक ओचोआले बचाउने कुनै अवसर पाएनन्।

### साउदी पराजित

यस नतिजासँगै अर्जेन्टिना समूह 'सी' मा तीन अंकसहित दोस्रो स्थानमा छ। पोल्यान्ड चार अंक जोड्दै शीर्षस्थानमा रहँदा साउदी अरेबिया तीन अंक जोड्दै तेस्रोमा छ। अर्जेन्टिना र साउदीको समान अंक भए पनि गोल अन्तरमा अर्जेन्टिना अघि छ। अर्जेन्टिनाले अब अन्तिम खेलमा जित हासिल गरे समूहबाट नकआउट चरण प्रवेश गर्नेछ। समूह विजेता वा उपविजेता बन्ने समूहको अर्को खेलको नतिजाले टुंगो लाग्नेछ। मेक्सिको र साउदी अरेबियाको खेलको नतिजाले नकआउट पुग्ने र समूह स्थान निर्धारणमा प्रत्यक्ष असर पर्नेछ।

### फ्रान्स नकआउट चरणमा

केलियन एमबाप्पे चम्किएको खेलमा डिफेन्डिङ च्याम्पियन फ्रान्सले डेनमार्कलाई हराएको छ। शनिबार राति समूह 'डी'को खेलमा फ्रान्सले डेनमार्कलाई २-१ गोलअन्तरले हराएर फ्रान्स प्रतियोगिताको नकआउट चरणमा पुग्यो। फ्रान्सको जितमा एमबाप्पेले दुवै गोल गरेका थिए। खेलका तीनवटै गोल दोस्रो हाफमा सम्भव भएको थियो। खेलको ६१औं मिनेटमा हर्नान्डेजको पासमा एमबाप्पेले फ्रान्सलाई अघि बढाए। त्यसको पाँच मिनेटमा डेनमार्कका क्रिस्टेन्सनले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए।

बराबरीतर्फ उन्मुख खेल सकिन ४ मिनेटअघि एन्टोनी ग्रिजम्यानको पासमा एमबाप्पले विजयी गोल गरे। समूह डीको खेलमा शीर्ष स्थानको फ्रान्सले ६ अंक जोडेको छ। अस्ट्रेलिया तीन अंक जोडेर दोस्रो स्थानमा छ। डेनमार्क र ट्युनेसिया समान एक अंकसहित क्रमश तेस्रो र चौथो स्थानमा छन्।

## मेसीको खेल हेर्न कीर्तिमानी दर्शक

लियोनेल मेसीको खेल हेर्न कतारको रंगशालामा शनिबार करिब ८९ हजार दर्शक उपस्थित थिए। यो २८ वर्षमा फुटबल विश्वकपमा सर्वाधिक दर्शकसंख्या हो। दोहाको उत्तरस्थित लुसेल रंगशालामा भएको अर्जेन्टिना र मेक्सिकोबीचको खेल हेर्न दर्शक ओइरहेका थिए।

फिफाको अनुसार अमेरिकामा १९९४ को फाइनलपछि यतिसंख्यामा दर्शक उपस्थित भएको हो। त्यसबखत क्यालिफोर्नियाको पासाडेना रोज बाउलमा करिब ९१ हजार दर्शक उपस्थित भएका थिए। उक्त फाइनल खेलमा ब्राजिलले इटालीलाई हराएर उपाधि जितेको थियो।

तर, कतारमा दर्शकको उपस्थितसंख्या विश्वकपको सर्वकालिन खेल शीर्ष ३० मा पनि परेको छैन। माराकना रंगशालामा सन् १९५० मा रियो डि जनेरियोमा ब्राजिलमाथि उरुग्वेले जितेर उपाधि जित्दा करिब १ लाख ७४ हजार दर्शक उपस्थित भएका थिए। यो अहिलेसम्मकै सर्वाधिक दर्शकसंख्या पनि हो।

**आजको खेल :**

**क्यामरुनविरुद्ध सर्बिया**
दिउँसो ३: ४५ बजे
**घानाविरुद्ध दक्षिण कोरिया**
साँझ ६:४५ बजे
**ब्राजिलविरुद्ध स्विट्जरल्यान्ड**
राति ९:४५ बजे
**पोर्चुगलविरुद्ध उरुग्वे**
राति १२:४५ बजे

# रोनाल्डोलाई १८६ मिलियन पाउण्डको प्रस्ताव

**लन्डन, (एजेन्सी)**

क्रिस्टियानो रोनाल्डो हाल कतारमा जारी विश्वकपमा खेलिरहेका छन्। क्लबमा बेरोजगार भएका रोनाल्डाले पहिलो खेलमा घानाविरुद्ध गोल पनि गरे। यो गोल उनको १ सय १८ औं अन्तर्राष्ट्रिय गोल हो भने विश्वकपमा आठौं गोल हो। साथै उनी विश्वकपमा लगातार पाँच प्रतियोगितामा गोल गर्ने पहिलो खेलाडी समेत बने।

म्यानचेस्टर यूनाइटेडसँग सम्झौता रद्द गरेपछि बेरोजगारी रोनाल्डोलाई साउदी अरेबियाको ठूलो क्लब अल नासरले तीन वर्षको प्रस्ताव राखेको छ। सीबीएस स्पोर्टस्अनुसार मध्य एशियाको यो क्लबले उनलाई १ सय ८६ मिलियन पाउन्डको प्रस्ताव राखेको हो। उनले वर्षमा करिब ७५ मिलियन डलर पाउनेछन्।

सीबीएस स्पोर्टसलाई एक स्रोतले बताएअनुसार रोनाल्डोले यो आकर्षक प्रस्ताव स्विकार गर्नेछन्। प्रिमियर लिग क्लब यूनाइटेडसँग सम्झौता रद्द भएपछि उनलाई अहिलेसम्म कुनै पनि युरोपका ठूल्ठूला क्लबले प्रस्ताव राखेको छैन। पोर्चुगलका स्टार खेलाडीले केही साता अघि क्लब र खेलाडीविरुद्ध बोलेका थिए। युरोपेली क्लबको अनुसार यदि द्वीपक्षीय सम्झौता स्विकार नगरे त्यसमा तेसै बर्खास्त गर्न पाइनेछ।

अल नासर साउदी अरेबियाका साथै एशियाकै सबैभन्दा सफल क्लबमध्ये एक हो। अल नासरले नौ पटक लिग उपाधि जितेको र एएफसी च्याम्पियन्स लिग सन् १९९५ मा जितेको थियो। यस्तै अल नासरको ठूलो प्रतिद्वन्द्वी क्लब अल हिलालले पनि रोनाल्डोको लागि कोशिस गरिरहेको छ।

रोनाल्डोको भविष्य अहिले विश्वकपमै टिकेको छ। यदि उनले आफ्नो टोलीलाई सेमिफाइनलसम्म पुर्‍याएमा उनलाई युरोपका केही ठूला क्लबले प्रस्ताव राख्न सक्नेछ।



यदि उनको टोली समूह चरणबाटै बाहिरिएमा उनको युरोपका ठूला क्लबबाट खेल्ने बाटो बन्द हुने केही विज्ञले भनिरहेका छन्।

रोनाल्डोले क्लबस्तरमा धेरै सफलता प्राप्त गरेको टोली रियल मेड्रिड हो। यसपछि रियल छाडेर उनी इटालियन क्लब युभेन्टसमा आबद्ध भए। युभेन्टसमा पनि उनी रमाउन सकेनन् र म्यानचेस्टरमा फर्के। म्यानचेस्टर यूनाइटेडमा उनी पहिला पनि खेलिसकेका थिए। तर, यो दोस्रो स्पेलमा भने उनले निकै संघर्ष गर्नुपरेको थियो। उनले गत सिजनमा यूनाइटेडका लागि २८ खेलबाट मात्र २४ गोल गरेका थिए।

# जारी विश्वकपमा अर्को स्तब्ध नतिजा

**दोहा, (एजेन्सी)**

कतारमा जारी विश्वकपमा लगातार स्तब्ध नतिजा आइरहेको छ। आइतबार उपाधिकै दावेदारी टोली बेल्जियम स्तब्ध नतिजाको शिकार बन्यो। दोस्रो जितसँगै नकआउट चरण पुग्ने योजनामा रहेको बेल्जियमलाई मोरोक्कोले २-० ले हिस्स पारेको हो। मोरोक्कोका अब्देलहामिद साबिरीले ७३औं मिनेटमा गोल गरे। उनले फ्रिकिक प्रहारलाई गोलमा परिणत गरे। यस्तै इन्जुरी समयमा जाकारिया अबोकलालले गोल गरेपछि मोरक्कोले विश्वकपको इतिहासमा तेस्रो जित हात पार्‍यो।

मोरोक्कोले यो नतिजासँगै दुई खेलबाट चार अंक जोड्दै नकआउट पुग्ने सम्भावना पनि बनायो। पराजित बेल्जियमको तीन अंक रहेकोछ नकआउटमा पुग्न अर्को खेलमा क्रोएसियासँग खेल्नुपर्ने हुन्छ।

जारी विश्वकपमा नसोचिएको नतिजा लगातार आइरहेको छ। यसअघि एशियाली टोली साउदी अरेबियाले दुई पटकको विश्व विजेता अर्जेन्टिनालाई तथा चार पटकको विश्व विजेता जर्मनीलाई एशियाली टोली जापानले समान २-१ गोलअन्तरले पराजित गरेका थिए। यसैगरी पहिलो खेलमा स्पेनसँग ७-० ले हारेको कोस्टारिकाले हिजो जापानलाई १-० ले हिस्स पारेको थियो। इरानले ६४ वर्षपछि विश्वकप खेल्न आएको युरोपेली तथा गेरेथ बेलको टोली वेल्सलाई २-० ले हराएको थियो। जबकी पहिलो खेलमा इरानलाई इंग्ल्यान्डले ६-२ ले हराएको थियो।

# पृथ्वी र बीएनए सफल

**काठमाडौं, (नेस)**

पृथ्वी र वसुन्धारा नेसनल एकेडेमी (बीएनए) ले १५ औं माछापुच्छ्रे-भ्याली पब्लिक कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको आइतबार सफलता पाएका छन्।

भंगालस्थित आयोजक भ्याली पब्लिकको कोर्टमा पृथ्वीले आइतबारको खेलमा पारा माउन्टलाई ३०-१९ ले पराजित गर्‍यो। विजेताका गौतम मगरले २६ अंक जोडे। बीएनएले युनिभर्सिटीलाई ३३-१७ ले हरायो। बीएनएका सन्देश गौतमले २० स्कोर गरे।

सिनियर ब्वाइजमै आयोजक भ्याली पब्लिकले मिश्रित नतिजा निकाल्यो। टीआईएले आयोजक भ्याली पब्लिक 'बी' माथि २८-२६ को कठिन जित दर्ता गर्‍यो। टीआईको जितमा कृष्ण महर्जनले ९ अंक योगदान गरे।

आरोध कार्कीको १२ अंक सहयोगमा भ्याली पब्लिक 'ए' ले बीएमसीएलाई ३९-२५ ले पन्छायो। ग्रिनल्यान्डले भद्रकालीलाई ५०-२५ को फराकिलो अन्तरले निराश पार्‍यो। विजयी टिमका लागि दिवस भुजेल र रोहन श्रेष्ठले समान १५-१५ अंक बटुले।

जुनियर ब्वाइजमा बीएनएले एनसीसीएसलाई ३२-१७ तथा भ्याली पब्लिकले डाफोडिललाई १६-७ ले पराजित गरे। बीएनएका एलेक्स गुरुङले १२ तथा भ्यालीका छिमे तामाङले ७ अंक जोडे।

सिनियर गर्ल्समा ग्रिनल्यान्डले फेरिल्यान्डलाई २१-१४ तथा पृथ्वीले विस्डमलाई ३६-१० ले हराए। ग्रिनल्यान्डकी जेनिशा श्रेष्ठले १० तथा पृथ्वीकी दावा ल्हामु गुरुङले १४ स्कोर गरे।

# ओएसिस क्वार्टरफाइनलमा

**काठमाडौं, (नेस)**

आयोजक ओएसिस इङलिस स्कुल 'ए' दोश्रो ओएसिस कप उपत्यकाव्यापी थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा आइतबार सेमिफाइनलमा प्रवेश गरेको छ। ढोलाहिटीस्थित घरेलु कोर्टमा ओएसिसले रातो बंगला 'बी' लाई १२-६, रेडिअन्ट रिडर्सलाई १४-८ र एलआरआईलाई १०-४ ले पराजित गर्‍यो। क्वाटरफाइनलमा ओएसिस 'ए' को भेट नालन्दासँग हुनेछ।

अन्य क्वार्टरफाइनल मगस र विल्सन एकेडेमी 'बी', रेडिअन्ट पब्लिक र रेडिअन्ट रिडर्स तथा एरिस एकेडेमी र रातो बंगला 'ए' बीच हुनेछ। सिनियर गर्ल्समा भने सेमिफाइनल समीकरण पूरा भएको छ। रातो बंगलाको 'ए' र 'बी' दुवै टिम सेमिफाइनलमा स्थान सुरक्षित गर्न सफल रहे। रातो बंगला 'ए' ले एनसीसीएसको सामना गर्ने छ भने रातो बंगला 'बी' ले राराहिल विरुद्ध खेल्नेछ।

प्रतियोगिताको ओएसिसकी संस्थापक निर्देशक जानुका लिम्बूले निर्णायक विनोद महर्जनलाई बल हस्तान्तरण गरी एक कार्यक्रमबीच उद्घाटन गरिन्। लिग कम नकआउट आधारमा भइरहेको प्रतियोगिताको सिनियर ब्वाइजमा १६ तथा सिनियर गर्ल्समा ७ टिम सहभागी छन्।

# नेक्ससको विजयी सुरुआत

**काठमाडौं, (नेस)**

आयोजक मध्येको एक नेक्सस इन्टर नेसनल एकेडेमीले पाँचौं नेक्सस-संकटा कप छात्र फुटबल प्रतियोगितामा आइतबार विजयी सुरुआत गरेको छ।

मध्यपुर थिमीस्थित मध्यपुर युथ एसोसिएसनको मैदानमा भएको उद्घाटन खेलमा नेक्ससले भीमेश्वर एकेडेमीलाई ८-० को फराकिलो गोलअन्तरले पराजित गर्‍यो। नेक्ससको जितमा अंकित आले मगर, अनिश थापा मगर र एकराज विकले २-२ तथा दिनल लिम्बू र किशोर दनुवारले १-१ गोल योगदान गरे। जितसँगै नेक्सस क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

नेक्सस र 'ए' डिभिजन क्लब संकटा युथ क्लबद्वारा संयुक्त आयोजित प्रतियोगिताको प्याब्सनका केन्द्रीय अध्यक्ष डिके ढुंगानाले एक कार्यक्रमबीच उद्घाटन गरे। सो अवसरमा नेक्ससका प्रिन्सिपल आरबी कट्वाल, प्याब्सनका केन्द्रीय उपाध्यक्ष आशिष श्रेष्ठ, दिपिका रिमाल र कृष्णप्रसाद अधिकारी, मध्यपुर युथ एसोसिएसनका अध्यक्ष उपेन्द्रमान सिंह, संकटाका अध्यक्ष इन्द्रमान तुलाधरलगायतको उपस्थिति रहेको थियो।

विजेताले ५० हजार र उपविजेताले २५ हजार नगद पुरस्कार पाउने प्रतियोगिता संयोजक विवेक कट्वालले जनाएका छन्। नकआउट पद्धतिमा जारी प्रतियोगितामा १६ टिम सहभागी छन्।

# चैतन्यको सफल सुरुआत

**काठमाडौं, (नेस)**

चैतन्य संस्कार शिक्षालयले ११औं प्याब्सन मध्यक्षेत्रीय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्समा आइतबार विजयी सुरुआत गरेको छ। प्याब्सन मध्य क्षेत्रीय समिति, काठमाडौंको आयोजनामा घट्टकुलोस्थित सूर्योदयको कोर्टमा चैतन्यले स्पाङगललाई २१-८ ले पराजित गर्‍यो। चैतन्यको जितमा सलिना थापाको ६ स्कोर योगदान रह्यो। दियाको ४ अंक सहयोगमा भद्रघलेले सनसाइनलाई ६-४ ले हरायो।

सिनियर ब्वाइजमा डेनेबले सूर्योदयलाई २१-१८, लिटिल फ्लावरले सनसाइनलाई २२-१४, हेम्सले भद्रघलेलाई ३२-१७ र स्पाङगलले अल्वर्टलाई १४-११ ले पन्छाए।

प्रतियोगिताको नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष एवं कार्यकारी निर्देशक चतुरानन्दराज वैद्यले एक कार्यक्रमबीच उद्घाटन गरे। प्रतियोगितामा सिनियर ब्वाइजमा १८, सिनियर गर्ल्समा १४ र जुनियर ब्वाइजमा १० गरी जम्मा ४२ टिमको सहभागिता रहेको आयोजक प्याब्सन मध्य क्षेत्रीय समितिका अध्यक्ष दिनेशकुमार पाण्डेले जनाएका छन्।


**Sirijangha Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Tellok, Taplejung**

**Invitation for Online Bids**

First Date of publication: **2079/08/12 (28th Nov. 2022)**

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelope procedure.

| SN | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT, PS & Contingency | Bid Security (NRs) | Bid Document Fee | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Supply & Delivery of HDPE Pipes for Prakop Byabasthapan. | NCB/Goods/ SRM/03/2079/080 | 22,96,957.78 | 60,000.00 | 3,000.00 | 2079/09/13 2022/12/28 Noon 12:00 | 2079/09/13 2022/12/28 Noon 13:00 | 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9841710119** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# आर्यन एक्सन लभर ब्वाई



आगामी पुस १५ गते अल नेपाल रिलिजमा आउने फिल्म *डिसेम्बर फल्स*को टिजर सार्वजनिक गरिएको छ। फिल्मको टिजर हालै म्युजिक डटकम युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो।

*डिसेम्बर फल्स*मा अभिनेता आर्यन सिग्देल केही समयको विश्रामपछि पुनः देखिनेछन्। फिल्ममा आर्यनको जोडीका रूपमा अभिनेत्री उपासना सिंह ठकुरी देखिनेछिन्। सार्वजनिक एक मिनेट १५ सेकेन्डको टिजरमा आर्यनलाई एक्सन लभर ब्वाइका रूपमा देखिएको छ भने उपासना नर्सको भूमिकामा देखिएकी छन्। टिजरले अस्पतालमा बिरामीमाथि हुने गरेको लापर्वाही तथा यथार्थताको विषय प्रस्तुत गरिएको छ।

संसारकै प्रख्यात बलिउड फिल्म नगरीमा व्यस्त निर्देशक प्रवीण झाको निर्देशन र सिनेमाटोग्राफर महेश आर गुप्ताको छायांकन रहेको फिल्म रामप्रसाद रिजालले निर्माण गरेका हुन्। यसअघि वन डे, कसम, धुवँ यो नशा र कायरा निर्माण गरिसकेका रिजाल *डिसेम्बर फल्स*बाट निकै आशावादी छन्। 'दिल खोलेर लगानी र परिश्रम लगाएका छौं। गुणस्तरीय फिल्म निर्माणका लागि कुनै कुरा पनि कमी हुन दिएका छैनौं। त्यसले दर्शकको भरपुर साथ पाउनेमा विश्वस्त छौं रिजालको भनाइ छ।

फर्स्टलुक पोस्टर सार्वजिक भएसँगै चर्चामा रहेको फिल्ममा आर्यन र उपासनाका साथमा सुमन थापा, नरेश भट्टराई, सलोन बस्नेत, शिवहरि पौडेल, नागेन्द्र रिजाल, शिशिर राणालगायतका कलाकार मुख्य भूमिकामा छन्। रिजाल एन्ड रिजाल प्रोडक्सनको ब्यानरमा निर्मित फिल्मको प्रस्तुतकर्ता रामप्रसाद रिजाल हुन् भने लक्ष्मण रिजाल र असिम काफ्ले कार्यकारी निर्माता रहेका छन्। रामप्रसाद रिजाल र राजकुमार भट्ट निर्माता रहेको फिल्मको कथा बिपिका खनालले लेखेकी हुन्। बिपिका पेशाले नर्स हुन्। पटकथा र सम्वाद भने केदार भुसाल र प्रतीक पौडेलले तयार पारेका छन्। बनिष शाहले सम्पादन गरेको फिल्ममा श्री श्रेष्ठको द्वन्द्व निर्देशन, कविराज गहतराज, रामजी लामिछाने, शिशिर खाती र प्रवीण सिंहको कोरियोग्राफी छ। फिल्मको वितरण सुनील मानन्धरले गर्दै छन्।

# एक्सिसको कन्सर्ट हुने

चर्चित सांगीतिक समूह एक्सिस ब्यान्ड काठमाडौंमा प्रस्तुत हुने भएको छ।

उक्त ब्यान्ड पाच वर्षको अन्तरालपछि *एक्सिस लाइभ इन काठमाडौं*मार्फत संगीतप्रेमीमाझ गुञ्जिने भएको हो। पीभीइ नेटवर्कको व्यवस्थापनमा आगामी मंसिर १६ गते शुक्रबार क्लब फरेनहाइटमा एक्सिस प्रस्तुत हुन लागेको हो। पाँच वर्षअघि एक्सिसले दर्शकको हाउसफुल उपस्थितिमा कन्सर्ट गरेको थियो। यो कन्सर्टपछि एक्सिसले नेपाल बाहिर धेरै सफल कार्यक्रम गरेर दर्शकलाई मनोरञ्जन दिँदै आएको छ।

पीभीई नेटवर्कका अनुसार एक्सिसको प्रस्तुतिअघि झिल्के एन्ड द कम्पनीले दर्शकलाई झुमाउनेछ।



नेपालमै पहिलोपटक लाइट, साउन्ड, एलइडी, क्यामरादेखि कलाकारको कोरियोग्राफीमा सम्बन्धित क्षेत्रका विज्ञको डिजाइनमा सेट तयार पारिने आयोजकले जनाएका छन्।

एक्सिसको स्थापना सन् २००३ मा भएको हो। विश्व अनलाइन स्ट्रिम प्लेटफमको रेङकिङअनुसार नेपालभरिको बेन्ड क्याटेगोरीमा नेपथ्य, १९७४ एडी, अल्बट्रस र द एजभन्दा पहिलो स्थानमा एक्सिस छ। बार, क्लब र रेस्टुरेन्टमा गीत नगाउने यो ब्यान्डले पहिलोपटक क्लब फरेनहाइटमा क्लोज इभेन्टमा प्रस्तुति दिन लागेको हो।

ब्यान्डले हालसम्म ब्ल्याक एन्ड ह्वाइट (२००४), माफ गरिदेऊ (२००९) र गाउँघर (२०१७) गरी तीन एलबम संगीतप्रेमीमाझ ल्याइसकेको छ। त्यसैगरी सन् २०१९ मा स्थापना भएको इन्डी रक ब्यान्ड झिल्के एन्ड द कम्पनीलाई दर्शकले निकै मन पराएका छन्। यो ब्यान्ड पछिल्लोपटक युवा दर्शकको रोजाइमा परेको छ। यो ब्यान्डका पंक्षीहरू, मलाई केही आउँदैन, निलो सुटकेस र झिल्के फायर बोलका गीत चर्चित छन्। यो ब्यान्डले गत *जुनमा जवानीको जोश* नामको एलबम बजारमा ल्याएको थियो।

# हिन्दी गीतमा नेपालको भिडियो

नेपालमा पनि हिन्दी गीतको निर्माण र त्यसमाथि भिडियो बन्न थालेका छन्। निर्देशक माधवराज खरेलको निर्देशनमा हिन्दी गीत *ओ वेवफा*को म्युजिक भिडियो सार्वजनिक भएको छ।



आरजे म्युजिक प्रोडक्सनको युट्युब च्यानलबाट सार्वजनिक भएको भिडियोमा माधव आर. खरेल, साक्षी लम्साल र सागर जि. तमाङको अभिनय रहेको छ। नेपाली, भोजपुरी मैथिली, हिन्दीलगायतका विभिन्न भाषाका गीतका लागि कलम चलाउँदै आएका गीतकार समिर खानको शब्द रचना रहेको गीतमा गायक रूपक डोटेलको स्वर, राजेन्द्र बजगाईंको संगीत र एरेन्ज तथा मनोज परियारको मिक्सिङ रहेको छ।

झन्डै आधा दर्जन फिल्म तथा दर्जनौं म्युजिक भिडियोको निर्देशन गरिसकेका निर्देशक खरेलले गीतको भिडियोमा पछिल्लो युवा पुस्ताले माया प्रेमलाई धन, सम्पतिसँग तुलना गर्नुका साथै मिलन र विछोडको कथा पस्केका छन्।

नगरकोटका विभिन्न रमणीय स्थलमा छायांकन गरिएको भिडियोमा जीवन पराजुलीको छायांकन र क्यामोदिन मियाँको सम्पादन रहको छ। एरा प्रोडक्सनको ब्यानरमा निर्माण भएको म्युजिक भिडियोलाई कमला जोशीले निर्माण गरेकी हुन्।

लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार।

१) लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।

२) लागूऔषधको उत्पादन, सञ्चय, ओसार पसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ।

३) गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

४) स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

NEXT CHANGE
For Booking: 01-4568700





FCUBE CINEMAS
KL TOWER A Complete Shopping Mall
SHOW TIME

| MOVIES | CUBE 1 | CUBE 2 | CUBE 3 |
| --- | --- | --- | --- |
| Bheditya :IN 3D | 11:30am | | 3:00pm \| 6:00pm |
| Drishyam 2 | | 6:30pm | 12:00pm |
| Mahapurush | 5:30pm | 12:30pm | |
| Unchai | | 3:30pm | |
| Black Panther: Wakanda Forever | 2:30pm | | |

www.fcubecinemas.com
facebook.com/fcubecinemas

# टीका र अञ्जुको ठ्याक्क ठ्याक्क



गायक गायिका टिका बोमजन र अञ्जु पन्तको स्वरमा *ठ्याक्क ठ्याक्क* बोलको गीत सार्वजनिक भएको छ।

नेपमेलो युट्युब च्यानलबाट भिडियोसहित सार्वजनिक गीतमा रवीमान सिंह बस्न्यातको शब्द-रचना र टिका बोमजनको संगीत छ। नाच्न मिल्ने गीतमाथि भिडियो पनि डान्सिङ नम्बरमा तयार पारिएको छ। राहुल शाह र मोडल एलिसा राइले कम्मर मर्काएको गीतको भिडियो राहुल शाहको निर्देशन र कोरियोग्राफीमा तयार पारिएको छ। पवन सुस्लिङले छायांकन गरेको गीतको भिडियोले दर्शकलाई छमछमी नचाउने विश्वास राहुल र एलिशाको छ।


# नेतालाई घचघच्याउँदै ए बा भन्देउ न



गायक गायिका राजानन्द मान्डव्य र तृप्ति खड्काको युगल स्वरमा *ए बा भन्देऊ न* बोलको गीत भिडियोसहित सार्वजनिक भएको छ।

गीतमा शव्द रचना र संगीत गायक मान्डव्यकै छ। गीतमा संगीत संयोजन रमेश सेन्चुरीको रहेको छ। विगतमा नेताहरूले विभिन्न आश्वासन दिएको र त्यो आश्वासनलाई पूरा नगरेको भन्दै गायक गायिकाले गीतमा नेताहरूलाई खबरदारी गरेका छन्। गीतमाथि हालै सम्पन्न संसदीय निर्वाचन र त्यसको परिणामलाई लक्षित गरेर भिडियो तयार पारिएको छ।

गीतको भिडियो समसामयिक दृष्यलाई समेटेर तयार गरिएको छ। भिडियोमा गायक-गायिका पनि देखिएका छन्। दीपेन्द्र प्रकाश केसीले निर्देशन गरेको भिडियोलाई उनी स्वयंले छायांकन गरेका छन्। गीतको भिडियो नरदम युट्युब च्यानलबाट अपलोड गरिएको छ।





कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित। कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं। पोबनं २०४५। फोनः ४-२६११७९। फ्याक्सः ४-२१८९९०। Email: nepalsamacharpatra@gmail.com। प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ। सम्पादकः कपिल काफ्ले